प्रजातन्त्रका आधारभूत पक्षहरू
- संवैधानिक सर्वोच्चता
- बहुलवादको सम्मान
- विधिको शासन
- शक्ति पृथकीकरण
- आवधिक निर्वाचन
- मौलिक हक
- मानव अधिकार
- पूर्ण प्रेस तथा वाक स्वतन्त्रता
- सामाजिक न्याय तथा समावेशीकरण
- आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
epratekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
epratekdaily.com

❖ वर्ष ३७ ❖ २०८० फागुन ०३ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 February 15 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १६७

# गोतामे स्वर्ण पदक पोखराका पत्रकार प्रतीकलाई प्रदान

## पत्रकारिता सुधारको लागि अग्रजहरूले पहलकदमी गर्नुपर्ने -नगरप्रमुख

प्रस, वीरगंज, २ फागुन/

पत्रकार गोपालचन्द्र गौतम प्रतिष्ठानद्वारा स्थापित गोतामे पत्रकारिता स्वर्ण पदक पोखराका पत्रकार बद्रीविनोद प्रतीकलाई बुधवार कार्यक्रमको आयोजना गरी वितरण गरिएको छ।


पत्रकार प्रतीकलाई सम्मान गर्दै नगरप्रमुख सिंह र अध्यक्ष शर्मा। तस्वीरः प्रतीक



वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले एक तोलाको स्वर्ण पदक, प्रमाणपत्रसहित सो पुरस्कार प्रदान गरेका थिए। कार्यक्रममा बोल्दै नगरप्रमुख सिंहले वीरगंज महानगरपालिकाले पत्रकारिताको विकासको लागि सहयोग गर्दै आएको र आगामी दिनमा पनि सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे। उनले वीरगंज महानगरमा साढे तीन सयको हाराहारीमा पत्रकारहरू रहेको र तीमध्ये केही पत्रकारहरूको कारण सिङ्गो पत्रकारिता क्षेत्र बदनाम भइरहेको आरोप लगाए।

नगरप्रमुख सिंहले एउटा आलुले सिङ्गो बोराको आलु कुहाएझैं केही पत्रकारहरूको कारण सिङ्गो पत्रकारिता जगत् बदनाम हुनुभएन भन्दै यसको सुधारको लागि अग्रजहरूले पहलकदमी गर्नुपर्ने बताए। नगरप्रमुख सिंहले पत्रकारहरू आफैं न्यायाधीश हुनु उपयुक्त नभएको भन्दै तथ्यपरक समाचार सम्प्रेषण गरेर कर्तव्य निर्वाह गर्न सुझाए। आफूमाथि नागरिकता किर्ते गरेको भनी लगाइएको आरोपको उनले प्रतिवाद गर्दै कानूनले दोषी ठहर गराएको खण्डमा सजाय भोग्न तयार भएको बताए। उनले आफूमाथि अहिले नियोजितरूपमा प्रहार भइरहेको र त्यसबाट विचलित नहुने बताए।

मेयर सिंहले वीरगंजको विकासको खाका कोरेको र वैभवशाली वीरगंजको अवधारणा अनुरूप काम गरिरहेको दाबी गर्दै २१ महीनाको अवधिमा धेरै काम आधाअधूरो रहेको र त्यसलाई ४८ महीनामा सम्पन्न गर्ने अभियान अन्तर्गत काम गरिरहेको बताए।




पुरस्कृत व्यक्ति बद्रीविनोद प्रतीकले पछिल्लो समयमा पत्रकारितामा समस्या बढ्दै गएको बताए। पोखरा महानगरमा ३७ वटा रेडियो एफएम, २२ वटा दैनिक पत्रिका रहेको तर अहिले मुश्किलले पाँचवटा दैनिक र १० वटा रेडियो स्टेशनमात्र सञ्चालन भइरहेको बताए। उनले अनलाइन पत्रिकाहरू दैनिक सञ्चालनमा आइरहे पनि अहिले पत्रकारिता गरेर घरको गर्जो टार्ने अवस्था नरहेको र यस विषयमा गहन छलफल हुनुपर्ने बताए।

पत्रकार प्रतीकले पत्रकारिता, न्यायपालिका र सुरक्षा निकाय मात्र पनि स्वतन्त्ररूपमा काम गर्न सकेको खण्डमा देशमा आमूल परिवर्तनको अनुभूति हुन सक्ने भन्दै यो क्षेत्रमा निकै सुधारको आवश्यकता भएको औंल्याए।

प्रतिष्ठानका अध्यक्ष जगदीशप्रसाद शर्माले स्व गोपाल गोतामेले लेखेको पुस्तक बेचेर जम्मा भएको १० हजार रुपिययाँलाई पछिल्लो समय प्रयोगमा ल्याएको र गोतामेका शुभचिन्तक, साथीभाइहरूबाट चन्दा सङ्कलन गरी १० हजार रुपियाँ वार्षिक पुरस्कार वितरण शुरू गरेको र अहिले पाँच वर्षदेखि एक तोला सुनको स्वर्णपदकमा परिणत भएको जानकारी गराए।

उनले पत्रकारितालाई स्वार्थवश प्रयोग गर्ने र स्वार्थपूर्ति नहुँदा लाञ्छना लगाउने प्रवृत्तिमा सुधार हुनुपर्ने बताए। उनले पत्रकारिताको विकासको लागि सबैको पहल आवश्यक भएको सुझाए।

कार्यक्रममा प्रतिष्ठानका उपाध्यक्ष चन्द्रकिशोर झाले स्वागत गर्दै स्व पत्रकार गोपालचन्द्र गौतमको जीवनीबारे बताएका थिए।

पत्रकार गौतमको समयमा पत्रकारिता जोखिमपूर्ण रहेको र त्यस बेला पनि स्व.गोतामोले जनमुखी पत्रकारिता गरेर देशभरमा नाम कमाउन सफल भएको जिकिर गरे।

# गाँधीदेखि बुद्धसम्म शान्ति पदयात्रा शुरू

प्रस, वीरगंज, २ फागुन/

नेपाल र भारतका शान्ति र अहिंसाप्रेमीहरूले आज मितेरीपुलबाट संयुक्तरूपमा गाँधीदेखि बुद्धसम्म शान्ति पदयात्रा शुरू गरेका छन्।


तस्वीरः प्रतीक

भारतका चर्चित अभियन्ता राजगोपाल पिभीको नेतृत्वमा भारतबाट आएका २५० जना र नेपालका १५० जना गरी चार सयजना यो पदयात्रामा सहभागी भएका थिए। दुवै देशका पदयात्रीहरूलाई मितेरीपुलमा नगरप्रमुख राजेशमान सिंहले स्वागत गर्दै शान्ति र सद्भावका लागि हुने सबैखाले प्रयत्नमा आफ्नो सहभागिता रहने बताए। उनले गाँधीदेखि बुद्धसम्म शान्ति पदयात्राको लागि सफलताको कामना पनि गरे।

सो अवसरमा नेपाल–भारत मैत्री सङ्घका अध्यक्ष अशोक बैदलगायतको सहभागिता थियो। कार्यक्रममा पत्रकार चन्द्रकिशोर झाले भारतीय पदयात्रीले नेपालको वीरगंज नाका रोज्नुबाट गौरव महसूस भएको बताए। उनले महात्मा गाँधीले भारत छोडो आन्दोलनको शुरूआत वीरगंज नजीकको चम्पारणबाट गरेको र गौतम बुद्धले घर परिवार त्याग गरेर हिंडेको पहिलो रात वीरगंज नजीकको रामपूर्वा गाउँमा बसेको इतिहास रहेको बताए।

उनले २००६ वर्षको अन्तरालमा जन्मिएका दुई विश्व शान्तिदूतको एकै ठाउँमा आगमन संयोग मात्र नभएको र यसले फरक किसिमको सन्देश प्रवाह गरेको बताए।

भारतीय अभियन्ता राजगोपाल पिभीले गौतम बुद्ध र महात्मा गाँधीको आगमन भएको वीरगंज नाकालाई प्रयोग गरेर दुवै विश्व शान्तिदूतलाई पदयात्रामार्फत सम्झना गर्न पाउनु पदयात्राकाक सहभागीहरूका लागि गौरवको विषय भएको बताए।

पदयात्राको आयोजना राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल, नेपाल एकता महिला समाज, सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र एकता परिषद् भारतले संयुक्तरूपमा गरेका हुन्। पदयात्रीहरू आज मितेरी पुलदेखि परवानीपुरसम्म पैदलयात्रा गरेका थिए र त्यहाँबाट बस चढेर काठमाडौंतिर लागेका थिए।

राष्ट्रिय भूमि अधिकार मञ्चका अध्यक्ष यामबहादुर दर्जीले वीरगंजबाट शुरू भएको पदयात्रा काठमाडौं पुगेर त्यहाँ आयोजना हुने विश्व सामाजिक मञ्च २०२४ मा सहभागी हुने र उनीहरूले भूमि अधिकार, शान्ति र सामाजिक न्यायको लागि आवाज बुलन्द गर्ने बताए।

# शिकारीवासीले चापाकलको पानी पिउन पाए

धर्मेन्द्र चौरसिया, पोखरिया, २ फागुन/

ठोरी गाउँपालिका–३ शिकारीवासका जनताले चापाकलको पानी पिउने अवसर पाएका छन्। वर्षौंदेखि शिकारीवासमा बस्दै आएका ५५ घरपरिवार अहिलेसम्म चिलमेरा खोलाबाट कुलो बनाएर पानी पिउने, कपडा धुने, भाँडा माझ्नैलगायत काम गर्दै आएका थिए।


तस्वीरः प्रतीक

बाढीको समयमा खोला प्रदूषित हुँदा यस बस्तीका मानिसहरूलाई पिउने पानीको समस्या हुनुका साथै पानीबाट हुने झाडापखालाजस्ता रोगबाट ग्रसित हुने गर्दथे। स्थानीय तह गठन भएको सात वर्ष अवधि पुग्दा लाग्दा बल्ल ठोरी गापाले शिकारीवासमा तीन लाखको लागतमा चापाकल जडान गरी त्यहाँका मानिसलाई पिउने पानीको व्यवस्था गरेको छ।

फागुन १ गते चापाकल निर्माण शुरू भएको र आजभोलिमा काम पूरा भई त्यहाँका मानिसका लागि पिउने पानीको व्यवस्था गरिने गापा अध्यक्ष लालबहादुर श्रेष्ठले बताए। उनले पिउने पानीको लागि चापाकल, मोटर, ट्याङ्की र घर निर्माण गर्न लागेको बताए। पानी परेको, हावाहुरी आएको बेला पनि पिउने पानीको समस्या नहोस् भनेर घरसहितको निर्माण कार्य गरिएको उनले बताएका छन्। चापाकलको पानी ट्याङ्कीमा सञ्चय गर्ने र त्यहाँबाट पाइपको माध्यमबाट घर घरमा पुर्‍याउने लक्ष्य रहेको गापा अध्यक्ष श्रेष्ठले बताए।

थारूबहुल शिकारीवासमा बाहुन, क्षत्री र दलितहरूको बसोवास छ। भर्खरै मात्र सो वडाका मानिसहरूको सोलारबत्तीसम्म पहुँच पुगेको छ। त्यस अघि उनीहरू टुकी बालेर जीवनयापन गर्दै आएका थिए। अहिले गापाले सोलार सिस्टम जडान गरेपछि इन्टरनेट सेवाको लागि वाइफाइ जडान गरेको छ र उनीहरू पनि देशदुनियाँको खबर राख्ने भएका छन्।

# पोखरिया अस्पतालमा सयजना शिशु शल्यक्रियाबाट जन्मिए

प्रस, पोखरिया, २ फागुन/

पोखरिया जिल्ला अस्पतालमा एक वर्षमा शल्यक्रिया गरेर सय बालबालिकाले जन्म लिएका छन्। पोखरिया अस्पतालका मेसु डा सञ्जय गुप्ताले २०७९ वैशाखदेखि अस्पतालमा प्रसूतिगृह सञ्चालनमा आएको, सो अवधिमा छ महीना प्रसूतिगृह बन्द भए पनि अहिले सञ्चालनमा रहेको अवधिमा १२०० बालबालिका साधारण प्रक्रियाबाट जन्मिएका र सय बालबालिका शल्यक्रियाबाट जन्मिएको बताए।


तस्वीरः फाइल

उनले फागुन १ गते सयजना बालबालिकाको सङ्ख्या पुगेको बताउँदै शल्यक्रियाको लागि अहिले पनि आम मानिसमा विश्वासको वातावरण नबनेको बताए।

पैसावाल व्यक्तिहरू अहिले पनि वीरगंज जाने र पैसा नभएका व्यक्तिहरू पनि डराएर पोखरिया अस्पतालमा शल्यक्रिया गराउने गरेको मेसु डा गुप्ताले बताए। उनले अहिलेसम्म प्रसूति गराउँदा कुनै समस्या आइ नपरेकोले शल्यक्रियाबाट बालबालिका जन्माउन सहज वातावरणको निर्माण हुन लागेको दाबी गरे।

उनले जन्मेपछिका कमजोर बच्चाहरूलाई एसएमसियुमा राख्ने व्यवस्था भए पनि सोबाहेकका एनआइसियु र आइसियुमा राख्नुपर्ने बालबालिकाहरूलाई भने रेफर गर्ने गरिएको बताएका छन्।



**विचारसार एवं सूक्तिहरू**

**कुनै पनि व्यक्तिको बहुमूल्य सम्पत्ति ज्ञानले भरिएको मस्तिष्क होइन, वरन् कुरा सुन्ने खुला कान र सहयोगका लागि तत्पर हातसहित मायाले भरिएको मुटु हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
प्रबन्ध सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

# हृदयहीनता

**नाबालकहरूको खाजा काटेर अर्थात् केही दिनसम्म उनीहरूलाई खाजा नदिएर, जम्मा भएको पैसाले सरस्वतीपूजा गर्नु अधम कर्म हो । किनभने पूजा भनेको श्रद्धा, आस्था र समर्पणले भरिएको हुनुपर्छ । जुन सरस्वतीको आराधना गर्न नित्य, पारिवारिक दु:खजिलोका बावजूद कुनै बालक वा बालिका विद्यालय जान्छन् भने उनीहरूमा अध्ययनका साथै खाजा पाउने आकर्षण हुन्छ । बालबालिकाहरूलाई खाजा ख्वाएर पढाउने कार्य सामुदायिक विद्यालयहरूमा मात्र हुन्छ । सामुदायिक विद्यालय सरकार संरक्षित हुन्छ । त्यहाँको सम्पूर्ण व्यवस्थापनको खर्च सरकारले जुटाएको हुन्छ । भवन, फर्निचर, पुस्तक, शिक्षक–कर्मचारीको तलब–भत्तालगायत विद्यालय सञ्चालन तथा अध्ययन–अध्यापनसम्बन्धी सबै बन्दोबस्त गर्ने जिम्मा सरकारको हुन्छ । हुनेखानेहरूका बालबच्चा त सामुदायिक विद्यालयमा जाँदै जाँदैनन् । उनीहरू राम्रो पैसा तिरेर निजी/बोर्डिङ विद्यालयहरूमा जान्छन् । जहाँ सामुदायिक विद्यालयका बच्चाहरू जति टाढा भए पनि हिंडेर विद्यालय पुग्छन्, निजी विद्यालय जाने बालबालिका निजी सवारी साधन वा विद्यालयले पैसा लिएर व्यवस्था गरेको सवारी साधनमा विद्यालय जान्छन् । उनीहरूको खाजाका लागि विद्यालयमैं क्यान्टिन हुन्छ वा घरबाटै लिएर गएका हुन्छन् ।**

**जो होचो उसकै मुखमा घोचो भनेजस्तै गरीब घरका विद्यार्थी, जो अध्ययन तथा कतिपयको अवस्था एक छान टार्न सक्ने विपन्नताले विवश भएर खाजाको लोभमा पनि विद्यालय जान्छन्, तिनको भाग खोसेर शिक्षकहरूले प्रसादी भन्दै आफ्नो पेट भर्ने कर्मलाई कसरी शिक्षाको परिधिमा समेट्न सकिन्छ । के त्यति नगर्दा माता सरस्वती रिसाउलिन् त ? सरस्वतीले आफैं खाने त होइन । जसले खाँदैन, उसलाई खुवाउने नाममा आफू खानुलाई पूजा मान्न सकिन्छ र ? कुनै विद्यालयको आफ्नो हैसियत छैन भने पूजा मात्र गरे भइहाल्यो, प्रसादी किन बाँड्नुपर्‍यो ? सरस्वतीको यति नै भक्ति हुन्थ्यो भने सरस्वती पूजाका लागि यतिसम्मको निर्दयी बन्ने शिक्षकहरूले पढाएका विद्यार्थीहरू देशका अब्बल विद्यार्थी हुनुपर्ने थियो । तर तथ्य र सत्य के हो भने, आजको सन्दर्भमा, सामुदायिक विद्यालयमा पढेका विद्यार्थीहरूको स्तर निम्न नै हुने गरेको छ । ती मुलुकहरू जहाँ सरस्वती पूजा गरिंदैन, तिनका विद्यार्थी जुन पनि विषयमा अब्बल देखिन्छन्, आविष्कार अनुसन्धान गरेका भेटिन्छन्, त्यस्तै आकर्षण लिएर थुप्रै नेपाली विद्यार्थीहरू विदेश पलायन हुन्छन् । किन ?**

**यो लेखिरहँदा सरस्वती पूजाको विरोध गरेजस्तो लाग्ला । कुरा त्यो होइन, भगवान्को नाममा अर्काको बारी वा सार्वजनिक स्थलबाट फूल चोर्नु, नाबालकहरूको खाजा कट्टा गरेर प्रसाद चढाउनु गलत प्रवृत्ति हो । पूजा भनेको श्रद्धा हो । श्रद्धाभावले सरस्वतीको स्मरण गर्नु मात्रले मानिसको ध्येय पूरा हुन्छ, जुन प्रसाद चढाएर प्राप्त हुन सक्दैन । प्रसादकै त्यति मर्यादा छ भने शिक्षक, व्यवस्थापन समितिका सदस्यहरूले आफ्नो खल्तीबाट केही सहयोग गरेको भए भइहाल्थ्यो । तिनै शिक्षकहरूलाई सोधियोस् कि सरस्वतीलाई चढाएको प्रसाद सरस्वती आफैं खान्छिन् वा सरस्वतीको मूर्ति विसर्जन गर्दा [redacted] गरिन्छ ? त्यस्तो हुँदो हो त [redacted] खाजामा ज्याल चुहाउने [redacted] अर्थ हो, अध्ययनशील बन्ने [redacted] विद्यार्थीहरूलाई अध्ययनशील [redacted] वा अध्यापनभन्दा बढी कुनै [redacted] प्राथमिकता दिन्छन् ?**

# तपाईंले प्रेम दिवस मनाउनुभयो ?

**स्वतन्त्र विचार**



सञ्जय साह मित्र
mitrasanjay41@gmail.com

**आजभोलि आधुनिक युगमा एक दिनको लागि कुनै दिवस मनाउने चलन बढेको छ । हरेक दिन कुनै न कुनै दिवस मनाइन्छ । कुनै एक दिन अनेक दिवस पनि पर्ने गर्दछन् । यस्तैमा एक दिवसको रूपमा मनाइने गरिन्छ 'प्रेम–दिवस' ।**

हरेकको आफ्नै प्रेम कथा हुन्छ । कहिलेकाहीं मनमा प्रश्न उठ्दो हो– भगवान्ले कसलाई प्रेम गर्छन् होला । हामी आस्तिक मानिसहरू मनमनै विचार गर्दछौं कि भगवान्ले हामीलाई प्रेम गर्दछन् । भगवान्का त सबै जीवजन्तु नै सन्तान हुन् । आफ्नो सन्तानलाई कसले पो माया गर्दैनन् र ? हरेक जीवजन्तुले आफ्नो सन्तानलाई माया गर्दछन् । यो त सामान्य सोचाइ भयो । अलिकति गहिरिएर विचार गर्ने हो भने उमेर अनुसार मानिसले ईश्वर र प्रेमबारे विचार गर्ने गर्दछन् । कुनै बूढो मानिससँग प्रेमको विषयमा संवाद गर्ने हो भने उसले ईश्वरसित नै प्रेम गर्ने गरेको भन्दछन् । युवाबाट यही विचार लिने हो भने कुनै युवतीलाई प्रेम गर्ने गरेको बताउँदा आश्चर्य हुँदैन । योगीले योगलाई, साहित्यकारले साहित्यलाई, पिताले पुत्रलाई, पुत्रले पितालाई प्रेम गर्ने गरेको बताउन सक्छन् । यसको सोझो अर्थ यो निस्कन्छ कि मानिस आफ्नो भूमिका र वयको आधारमा प्रेम गर्दछ । तर यस विषयमा नास्तिकको भने विचार फरक हुन सक्छ ।

प्रेमको मूल्य हुन्छ । जति धेरै प्रेम उति धेरै गहिराइ हुन्छ । जति धेरै गहिराइ हुन्छ उति धेरै चासो बढ्दै जान्छ । वास्तवमा प्रेम अथाह हुन्छ भन्नु नै यससित त्याग र समर्पणको भाव हुन्छ । त्यागविना प्रेम सम्भव छ ? समर्पणविना प्रेम हुन्छ ? त्यागको निहितार्थ लगाव हो । अनि फेरि कुरो उठ्छ, जसलाई जुन कुरासित बढी लगाव हुन्छ त्यसैसित प्रेम हुन्छ । प्रेम छैन भने लगाव हुँदैन । लगाव र प्रेम पर्यायवाची भाव हुन् । पहिले अलिकति लगाव हुन्छ अनि बिस्तारै प्रेम हुन्छ । त्यसपछि प्रेमले निरन्तरता पाउँछ कि तात्कालिक बन्छ ? भनिन्छ, प्रेम क्षणिक हुँदैन तर यसमा कतिपयको विश्वास हुँदैन । प्रेममा क्षणिकता हुन्छ भने यो स्थायी हुन सक्दैन । प्रेममा स्थायित्व हुनको लागि त्याग हुनुपर्छ । प्रेमले त्याग त खोज्छ नै । यदि प्रेममा कुनै कारणले अवरोध हुँदैन भने निस्सन्देह प्रेमलाई अगाडि बढाउनुपर्छ । प्रेम गर्ने दुई पात्रबीच हुने समयको निरन्तर बहावले अनेक उतार–चढाव देखेको हुन्छ । अनेक उतार चढावबीच प्रेममा धेरै कुरा सहनुपर्ने हुन्छ । यदि कसैले कुनै एक वस्तुसित मात्र लामो समयसम्म सहकार्य गर्दछ भने धेरै तीतामिठा क्षण देख्नुपर्दछ, भोग्नुपर्दछ । कुनै बेला मन अमिलो हुन्छ र कुनै बेला हर्षित । दुई पात्रबीच कहिलेकाहीं संवादकै क्रममा तनाव पनि सिर्जना हुँदो हो, कहिलेकाहीं एकको बोली वा काम अर्कोलाई मन नपर्ने पनि हुन सक्छ । कहिलेकाहीं मनमुटाव पनि हुँदो हो । यसरी दुवै पक्षले सघाउँदै एक अर्कालाई स्याहार्दै प्रेमको यात्रालाई अगाडि बढाउनुपर्ने हुन्छ ।

प्रेमको परिभाषा सजिलो छैन । यसको कुनै सीमा नै हुँदैन । प्रेमबारे धेरैले धेरै ग्रन्थ तयार पारेका छन् । के भन्दछन् भने भगवान् श्रीकृष्णलाई राधाले र मीराले पनि प्रेम गरेका थिए । राधा र मीराले कृष्णसित दैहिक प्रेम गरेका थिए ? भनिन्छ, कृष्णसित राधाको भेट जीवनको अन्तिम समयमा भएको थियो । बाल्यकालमा भएको भेटपछि जीवनको अन्तिम क्षणमा भेटेर राधाले आफूलाई धन्य मानेकी थिइन् । राधाले गरेको प्रेमकै कारण भगवान् श्रीकृष्णको नामको अगाडि राधाको नाम जोडिएको छ । कृष्ण जन्मेको धेरै युगपछि मीराको जन्म एउटा राजघरानामा भएको थियो । मीराले कृष्णलाई प्रेम गरेकी थिइन् । आफूलाई समग्रमा कृष्णप्रति समर्पित गरेर मीरा भक्तिको क्षेत्रमा अमर बनिन् । भक्तले भगवान्लाई प्रेम गरेको योभन्दा दुर्लभ अर्को उदाहरण पाइँदैन ।

भगवान् श्रीकृष्णलाई एक मित्रको रूपमा र भगवान्कै स्वरूप मानेर एक गरीब ब्राह्मण सुदामाले प्रेम गरेका थिए । कुनै मित्रले आफ्नो मित्रलाई कतिसम्म प्रेम गर्न सक्छ भन्ने उदाहरणको सर्वोच्च रूप कृष्ण र सुदामाको प्रेमलाई लिन सकिन्छ । कृष्णलाई सुदामाले प्रेम गरेका थिए तथा सुदामालाई कृष्णले । सुदामाले त हरेक सास नै कृष्णप्रति अर्पण गरेका थिए । कृष्णलाई उनी बिर्सनै सक्दैनथे । तर कृष्णले उनलाई कत्तिको प्रेम गर्दछन् भन्ने कुरो सुदामालाई थाहा थिएन । सुदामा प्रेममा यसरी एकोहोरिएका थिए कि उनलाई कृष्णले प्रेम गर्ने गरेको वा नगरेको जानकारी थिएन । अनन्त प्रेम गर्ने, जुनसुकै अवस्था र हालतमा पनि प्रेम गर्ने सुदामालाई कृष्णको घरसम्म पुगेर भेट गर्न नदिंदासम्मको अवस्थामा पनि उनको मोहभङ्ग भएको थिएन । भङ्ग हुने मोह वा आकर्षण भए पो ? कृष्णलाई जब सुदामा आएको जानकारी प्राप्त भयो, फर्किसकेका सुदामाको पछिपछि यसरी कुदे, मानौं मित्रबाहेक दुनियाँमा अरू केही छैन । शास्त्रहरूमा संयोग यस्तो देखिन्छ कि कृष्ण आफ्नो दरबारबाट नाङ्गो खुट्टा निस्केका थिए सडकमा सुदामालाई खोज्न । सुदामाको हैसियत नै थिएन कि कुनै पाउदान लगाऊन् । सुदामालाई खोज्दै सडकमा दौडिँदै गरेका श्रीकृष्णलाई देख्ने द्वारकावासी विस्मित हुँदै कृष्णलाई अचम्मको मित्र मानेका थिए ।

दैहिक प्रेमको उदाहरण लौकिक दुनियाँमा निकै त्यागपूर्ण पनि पाइन्छ । इतिहासमा कतिपय पात्र यस्ता छन् कि पत्नीलाई प्रेम गर्ने एक युवक रातको अँध्यारोमा वर्षा झेल्दै, बाढी तर्दै सर्पलाई समातेर पत्नीलाई भेट्न पुग्दछन् । यसलाई प्रेमको उत्कर्ष रूप मान्न सकिन्छ तर त्यहाँ तिनकी पत्नीले उनलाई कडा जवाफ दिंदै यत्तिको प्रेम भगवान्सित गरेको भए भगवान् पनि भेट हुने बताएकी थिइन् । म यहाँ ती पात्रको नाम उल्लेख गरिरहेको छैन ।

साँच्चीकै ती युवक भगवान्लाई भेट्न एक दिन सफल भए भन्ने मिथक पाइन्छ । तिनी विश्वप्रसिद्ध कविको रूपमा प्रख्यात भए । आज पनि विश्वमा एक सुपूजित व्यक्तित्वका रूपमा परिचित छन् । कतिले मान्दछन् – तिनकी पत्नीले उनलाई प्रेम गरेकी थिइनन् कि ? पत्नीले पतिलाई प्रेम नगर्ने पनि हुन सक्छ र ? पत्नीले पनि अगाध प्रेम गरेकै हुन् नि ! वर्षा, बाढी र सर्पको जोखिम किन मोल्नुपर्थ्यो ? जोखिमबाट जोगिनुपर्छ भन्ने सुझाव पनि दिएको हुनुपर्छ ।

रामायणमा रामलाई ज्येष्ठ भ्राताको रूपमा लक्ष्मणले गरेको प्रेममा त्यागको कुन रूप छ ? दाजु–भाइको यो अनुपम प्रेम हो । रामायणमैं एउटा प्रेम छ, भक्तको । हनुमानले त आफूलाई भक्तभन्दा पनि सेवक मान्ने गरेका थिए । एउटा सेवकलाई रामकी पत्नी जानकीले पुत्रको संज्ञा दिएकी छन् । सीताजस्ती आदर्श महिला अर्थात् देवीले पुत्रको सम्मान दिंदा हनुमान धन्य भएका थिए । स्वयं रामले पनि हनुमानलाई भरत भाइको समान मानेका छन् । भाइसित तुलना गर्दा हनुमानको इज्जत बढेको सबैले मानेका छन् । स्वयं हनुमानको नजरमा पनि रामले यसरी भन्नु हनुमानको सम्मान हो । यहाँ राम र जानकीले पनि हनुमानलाई प्रेम गरेका छन् । प्रेमकै उत्कर्षको रूपमा दुवैले त्यस्तो उपमा दिएका हुन् ।

दुनियाँमा यस्ता अनेक पात्र छन्, जो केवल नामसित प्रेम गर्दछन् । जस्तै कृष्ण, राम तथा बुद्धको नामसित जोडिएका यस्ता अनेक नाम वा पात्र छन् जो आफ्नो साससित जोड्दछन् । नामसित प्रेम गरेर नामकै ध्यान लगाउँछन् । भनिन्छ, साकार नामलाई मान्ने त अनेक छन् र निराकार नामलाई पनि पूज्दछन् । कबीरपन्थीले रामलाई पूजा गर्दछन् तर दशरथपुत्र रामलाई नभएर निराकार रामलाई । यहाँ पनि नामको प्रेम त छ र श्रद्धा पनि छ ।

आजभोलि आधुनिक युगमा एक दिनको लागि कुनै दिवस मनाउने चलन बढेको छ । हरेक दिन कुनै न कुनै दिवस मनाइन्छ । कुनै एक दिन अनेक दिवस पनि पर्ने गर्दछन् । यस्तैमा एक दिवसको रूपमा मनाइने गरिन्छ 'प्रेम–दिवस' । शास्त्रहरूमा कैयौं जुनीसम्म पनि तृप्त नहुने प्रेमलाई, एक दिवसमा सीमित गरेर प्रेमको औचित्य दर्शाएको मात्र हो साङ्केतिक रूपमा । प्रेम बुझ्नेले त यस दिवसलाई मनाउाछन् नै । कर्मसित जोडेर पनि मनाइन्छ प्रेम दिवस ? अनि आफूले आफूलाई सम्मान गर्दै प्रश्न गर्न मन लाग्छ– के तपाईंले पनि प्रेम दिवस मनाउनुभयो ?

# हराउँदै श्रीपञ्चमी पर्वका कृषि परम्परा

महोत्तरी, २ फागुन/रासस

मधेसको प्राचीन मिथिलाक्षेत्र चाडबाड र लोक सांस्कृतिक परम्पराले उर्वर मानिन्छ । माघ शुक्लपञ्चमी पनि कतिपय परम्परासँग जोडिएको पर्व हो । यस दिनलाई वसन्तपञ्चमी वा श्रीपञ्चमी भन्ने गरिएको छ ।

श्रीपञ्चमी पर्व वैदिक परम्परामा विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजनोत्सव र ससाना नानीहरूको अक्षरारम्भसँगै कतिपय कृषि परम्परासँग जोडिएको छ । यद्यपि अब पर्वविशेषका कृषि परम्परा भने हराउँदै छन् । महोत्तरीसहितका प्राचीन मिथिला क्षेत्रमा श्रीपञ्चमीका दिन मनाइने कृषिसम्बद्ध परम्परा देखिन छाडेका छन् ।

मिथिला क्षेत्रमा श्रीपञ्चमीकै दिन गरिने वर्षभरका कृषि काम गर्ने श्रमिक चयन गर्ने, कृषि ज्यावल मरम्मत गर्ने लोहार (कृषि ज्यावल मरम्मत गर्ने जातिविशेष) पक्कापक्की गर्ने र बाँझो खेतमा एकै छिन भएपनि हलो घुमाउने परम्परा अब देखिन छाडेको छ । यहाँका गाउँ बस्तीमा कृषि कार्यका श्रमिक पाउनै छाडेपछि यी परम्परा हराउँदै गएको भङ्गाहा–४ थारूटोल बनराका ७५ वर्षीय किसान रामऔतार सिंह थारू बताउँछन् ।

"गाउँमा न मजदूर (कृषि श्रमिक) पाइन्छन्, न लोहार ! कहाँ खोज्ने ? कहाँ पुज्ने ?" थारू भन्छन्–"यी चलन नातिनातिनालाई सुनाइने कथाजस्तै भइसके ।" श्रीपञ्चमी पर्व नजीकिन थालेपछि यसपछिको एक वर्षभरि खेतीपातीका काम गर्ने मजदूरको पक्कापक्की गर्ने र पर्वका दिन ती श्रमिकलाई घरमा बोलाएर टीका लगाई दिएर वरण गर्दै मिष्ठान्न भोजन गराएर दक्षिणा दिने पुरानो मैथिल परम्परा हो । यसैगरी कृषि ज्यावल (हलो, कोदालो, कुटो, कचिया, खुर्पाआदि) मरम्मत गर्ने (हलोको फाली उद्याउने/पिट्ने, हलो, हरिस/जुवा काँटछाँट गर्ने, कुटोकोदालो र कचिया, खुर्पाको धार पिट्ने, बिंड लगाउने आदि) कामका लागि लोहार पूजनको परम्परा पनि अब देखिन छाडेको छ ।

"गाउँमा न उमेरदारी न लोहार छन्, न खेतीपातीका काम गर्ने मजदूर !" गौशाला–४ रजखोरका ६० वर्षीय किसान रिझन साह भन्छन्–"अनि कसलाई टीको लाउनु ? को वरण गर्नु ?" खासमा कृषि कार्यमा पोख्त मानिने मुसहर, बाँतर जाति समुदायका नयाँ पुस्ता १५/१६ वर्षकै उमेरमा भारतको पञ्जाब, हरियाणातिर काममा जान थालेपछि यहाँ कृषि श्रमिक पाइन छाडेका रिझनसहितका आम किसानको भनाइ छ । त्यसैगरी कृषि ज्यावल मरम्मत गर्ने लोहार (बरही पनि भनिन्छ) परिवारका नयाँ पुस्ता पनि विभिन्न अवसरको खोजीमा बाहिर जान थालेपछि यहाँका घरमा बुढाखाडामात्र देखिन्छन् । आफू गर्न सकुन्जेल यी परम्परा थेगे पनि अब छोरानाति साथमा नभएपछि अब आरन (फलामे हतियार र अन्य ज्यावल बनाउन फलाम तताउने एक प्रकारको परम्परागत यन्त्र) बन्द भएका भङ्गाहा–४ रामनगरका ७० वर्षीय राममिलन ठाकुर बरही बताउँछन् ।

"घरमा न छोरा छन्, न नाति, आरनको खलाँती (आरनमा आगो जगाउन हावा दिइने छालाबाट बनेको थैला) फुक्न चलाउने नै छैनन्" घरको पारिवारिक अवस्था दर्शाउँदै राममिलन भन्छन्–"उमेरदारी सबै विदेशिए, घरमा म र बूढी त छौं ।" काम गर्ने उमेरका जति मुगलान पसेपछि यता खेतीपातीका काममा मजदूर पाइन छाडेसँगै यीसँग जोडिएका परम्परा हराउँदै गएका पाका किसान एक स्वरले बताउँछन् । अब त चाडपर्व परम्परामात्र नभएर बूढो पुस्ता सकिएपछि खेतबारी सबै बाँझै बस्ने चिन्ता पो पस्न लागेको रामगोपालपुर–८ थलहीका ७५ वर्षीय रामविलास ठाकुर बताउँछन् । श्रमिक र लोहार नपाइँदा पुज्ने चलन हराएझैं श्रीपञ्चमी पर्वमा कमसेकम एक मोड हलो जोत्ने परम्परा पनि अब देखिन छाडेको छ ।

"अब खेतीपाती सुविधामुखी भइसक्यो, मान्छेले गोरु पाल्न छाडे, घरमा गोरु नै नभएपछि के मोड घुमाउनु ?" बर्दिवास–७ प्रेमनगरका ७० वर्षीय अर्जुन महतो भन्छन्–"अब हाम्रा चलन कथाकहानीजस्ता भइसके ।"

मिथिलाका चाडपर्व कृषि कार्य र फसलसँग अन्तरसम्बन्धित हुँदै आएका परम्परा देखिन्थ्यो । श्रीपञ्चमी कृषि कार्यको नयाँ वर्ष प्रारम्भको दिन मानिने परम्परा रहेको बुढापाका सम्झन्छन् । "एक मोड भएपनि हलो घुमाउनु भनेको वर्षको पहिलो दिन काम बिस्तुर जान नदिनु भन्ने सन्देश त हो" गौशाला–१० लक्ष्मीनियाँका ७५ वर्षीय किसान लक्ष्मीप्रसाद सिंह कुशवाहा भन्छन्–"यी सबै चलन हराए ।"

मिथिलामा अधिकांश चाडपर्वमा कृषि फसलले राम्रो बजार पाउने चलन छ । श्रीपञ्चमीमा केशोर र बयर फलको महत्त्व छ । यसैगरी छठमा उखु, अदुवा, बेसार र ज्यामिरसहितका कृषि उत्पादनले बजार पाउँछन् । मिथिला खासमा कृषि प्रधान क्षेत्र भएका हुँदा यहाँका चाडबाडमा कृषि कर्म र उत्पादनको सम्बन्ध जोडिएको मैथिल परम्पराको कर्मकाण्डका ज्ञाता बर्दिवास–२ का दिनेशकुमार झा बताउँछन् । तिला

(बाँकी अन्तिम पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# दश मेगावाटसम्मका आयोजनाको पिपिए खुलाउने निर्णय

काठमाडौं, २ फागुन/रासस

नेपाल विद्युत् प्राधिकरणले दश मेगावाटसम्मका जलविद्युत् आयोजनाको विद्युत् खरीद–बिक्री सम्झौता (पिपिए) खुला गर्ने निर्णय गरेको छ। गत माघ २४ मा बसेको प्राधिकरण सञ्चालक समितिको ९६३औं बैठकले १० मेगावाटसम्मका नदी प्रवाही (आरओआर) र अर्धजलाशययुक्त (पिआरओआर) जलविद्युत् आयोजनासँग पिपिए खुलाउने निर्णय गरेको हो।

दश मेगावाटसम्मका जलविद्युत् आयोजनाको विद्युत 'लेउ या तिर' (टेक अर पे) प्रावधानका आधारमा खरीद गरिने प्राधिकरणले जनाएको छ। आयोजनाको विद्युत् सुक्खायाम (मङ्सिर १५ देखि जेठ १५ सम्म) आठ रुपियाँ ४० पैसा र वर्षायाम (जेठ १६ देखि मङ्सिर १५ सम्म) का लागि चार रुपियाँ ८० पैसामा खरीद गरिने छ।

नेपाल विद्युत् प्राधिकरणाका कार्यकारी निर्देशक कुलमान घिसिङले दश मेगावाटसम्मका आयोजनामा उत्पादन सम्मिश्रण (जेनेरेशन मिक्स) का आधारमा तय गरिएको पिपिए सीमा (कोटा) लागू नहुने व्यवस्था गरिएको बताए। स्थानीय प्राकृतिक स्रोतको अधिकतम प्रयोग र स्वदेशी साना लगानीकर्ताको लगानीलाई जलविद्युत् क्षेत्रमा प्रोत्साहन गर्न यस्तो निर्णय गरिएको उनले जानकारी दिए।

"कोटाका कारण दश मेगावाटसम्मका जलविद्युत् आयोजनाको पिपिए हुन सकिरहेको थिएन। अब दश मेगावाटसम्मका आयोजनालाई उक्त कोटा लागू नहुने भएकोले जहिले र जति क्षमताको भए पनि पिपिए गर्न सकिन्छ। यसले स्वदेशी साना लगानीकर्तालाई प्रोत्साहन गर्नेछ–कार्यकारी निर्देशक घिसिङले भने–"अब ग्रिड आबद्ध सम्झौता (ग्रीड कनेक्शन एग्रिमेन्ट) भएका र हुने दश मेगावाटसम्मका जलविद्युत् आयोजनाको पिपिए जति र जहिले पनि गर्नेछौं।"

हालसम्म दश मेगावाटसम्मका ८९ आयोजनाले पिपिएका लागि प्राधिकरणमा निवेदन दिएका छन्। आयोजनाको क्षमता ३५१ मेगावाट छ। त्यसमध्ये १९५ मेगावाटका ४४ आयोजनासँग ग्रीड आबद्ध सम्झौता सम्पन्न भइसकेको छ। आगामी दश वर्षमा उत्पादन गरिने १५ हजार मेगावाटको लक्ष्यलाई आधारमानी विद्युत् प्रणालीमा जलाशययुक्त आयोजनाको २५ प्रतिशत, अर्धजलाशययुक्त आयोजनाको ३० प्रतिशत र नदी प्रवाहमा आधारित आयोजनाको ४५ प्रतिशत अंश रहनेगरी उत्पादन सम्मिश्रण तय गरिएको थियो। सोही आधारमा पिपिएको सीमा तय गरिएको थियो।

आरओआर आयोजनाका लागि तय गरिएको अर्थात ६७५० मेगावाट सीमा पूरा भइसकेकोले १० मेगावाटसम्मका आयोजनाको समेत पिपिए हुन सकिरहेको थिएन। दश मेगावाटसम्मका अधिकांश आयोजना आरओआर छन्। प्राधिकरणले हालसम्म ९२०० मेगावाटको पिपिए गरिसकेको छ।

**बढेको क्षमताको विद्युत् किन्ने**

प्राधिकरण सञ्चालक समितिले पिपिए भइसकेका जलविद्युत् आयोजनाको क्षमता वृद्धि गरिएमा थप हुने विद्युत् खरीद गरिदिने निर्णयसमेत गरेको छ। प्राधिकरणले आयोजनाको जडित क्षमता २५ प्रतिशतसम्म वृद्धि भएमा पिपिएको सीमा लागू नहुने निर्णय गरेको हो। प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आयोजनाको डिजाइन परिवर्तनलगायत कारणले जडित क्षमताको २५ प्रतिशतसम्म अभिवृद्धिबाट उत्पादन हुने विद्युत् 'लिउ वा तिर' प्रावधान राखी पिपिए संशोधन गरिने बताए।

"२५ प्रतिशतसम्म क्षमता अभिवृद्धि भएमा 'लिउ वा तिर' र त्यसभन्दा बढी भएमा पुरानै 'लिउ र तिर'को व्यवस्था लागू हुन्छ। हाल गरिएको व्यवस्थाले आयोजनाको क्षमता अभिवृद्धि हुनुका साथै आयोजनालाई लगानी जुटाउनसमेत थप सहज बनाउने छ"–घिसिङले भने।

**सौर्य ऊर्जाको सीमा बढ्यो**

त्यस्तै प्राधिकरणले सौर्य जलविद्युत् आयोजनासँग गरिने पिपिएको सीमासमेत बढाएको छ। प्राधिकरणले सौर्य आयोजनाहरूको पिपिए प्रतिस्पर्धाबाट गर्दै आएको छ।

प्राधिकरणले हाल कायम रहेको जडित क्षमता र पिपिए भइसकेका आयोजनाहरूलाई समेत समावेश गर्दा हुने राष्ट्रिय ग्रीडको कुल क्षमताको १० प्रतिशतसम्मको सीमामा रहेर प्रतिस्पर्धाका आधारमा सौर्य ऊर्जाको पिपिए गर्नेछ। यस अघि राष्ट्रिय ग्रीडको जडित क्षमताको १० प्रतिशतसम्म सीमामा रहेर सौर्य आयोजनाहरूको पिपिए हुँदै आएको थियो।

सौर्य आयोजनाको विद्युत् प्रतिस्पर्धाबाट खरीद गर्न प्रतियुनिट पाँच रुपियाँ ९४ पैसा अधिकतम आधार दर तय गरिएको छ। प्रतिस्पर्धामा उक्त दरभन्दा जसले कम कबोल गर्छ, त्यही आयोजनासँग पिपिए गरिने प्राधिकरणले जनाएको छ।

"नयाँ व्यवस्थाबमोजिम करीब ८०० मेगावाटका सौर्य आयोजनाको पिपिए गर्न सकिने छ। हाम्रो स्वामित्वमा रहेका २००, १३२ र ३३ केभी सबस्टेशन नजीक निर्माण हुने सौर्य आयोजनाको पिपिए गर्नेगरी प्रतिस्पर्धा गराउने छौं"–कार्यकारी निर्देशक घिसिङले भने–"जलविद्युत् आयोजना निर्माण हुन केही समय लाग्ने तर सौर्य आयोजना एक/डेढ वर्षभित्र आउने भएकोले हिउँदको बढ्दो विद्युत् माग पूरा गर्न ग्रीडमा आबद्ध सौर्य ऊर्जालाई प्राथमिकता दिइएको हो।"

# बिहीवारदेखि मौसममा सुधार हुने

काठमाडौं, २ फागुन/रासस

पश्चिमी वायुको प्रभावले आज देशभर आंशिकदेखि सामान्य बदली रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

महाशाखाका मौसमविद् राजु प्रधानाङ्गका अनुसार भोलिदेखि मौसममा क्रमिक सुधार हुँदै जानेछ। अहिले सुदूरपश्चिम र कर्णाली प्रदेशको आकाश खुलिसकेको उनले जानकारी दिए।

उक्त मौसमी प्रणाली देशको पश्चिम भेगबाट क्रमशः पूर्वीभेगतिर सरिरहेकोले आज रातिसम्म मौसममा सुधार आउने मौसमविद् प्रधानाङ्गले जानकारी दिए। अहिले सङ्घीय राजधानी काठमाडौंसहित देशका अधिकांश भागमा मौसम बदली रहेको छ।

उनका अनुसार मधेस प्रदेशका एक/दुई स्थान तथा काठमाडौंका केही स्थानमा छिटफुट वर्षा भएको छ।

आज रातिको समयमा कोशी प्रदेशका एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। कोशी, बागमती र गण्डकी प्रदेशका उच्चपहाडी तथा हिमाली भूभागका थोरै स्थानमा हल्का हिमपातको सम्भावना रहेको महाशाखाले पूर्वानुमान गरेको छ। अहिले काठमाडौंको अधिकतम तापक्रम १६ डिग्री सेल्सियस रहेको छ।

# नेप्से परिसूचकमा सामान्य अङ्कको वृद्धि

काठमाडौं, २ फागुन/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको वृद्धि देखिएको छ। आज नेप्से परिसूचक ५.९१ अङ्कले बढेर २०७६.५० विन्दुमा कायम भएको हो।




आज शेयर बजारमा रु चार अर्ब २५ करोड २७ लाख २२ हजार आठ सय ९५ बराबरको कारोबार भएको छ। तीन सय दुई कम्पनीको एक करोड २३ लाख ६३ हजार २७ कित्ता शेयर ७४ हजार छ सय ७५ पटक खरीदबिक्री भएको हो।

बैंकिङ समूहको उपसूचक ०.१८, होटल तथा पर्यटन समूहको उपसूचक ०.१४, जलविद्युत् समूह ०.१३, लगानी समूह ०.२१, जीवन बीमा समूह ०.२७ र लगानी समूह ०.३७ प्रतिशतले घटेको छ। आज सबैभन्दा धेरै वित्त समूह ६.५६ प्रतिशत र विकास बैंक समूह २.३८ प्रतिशतले बढेको छ। त्यस्तै उत्पादन तथा प्रशोधन ०.१०, लघुवित्त ०.३४, म्युचुअल फन्ड ०.३४, निर्जीवन बीमा समूह ०.४० र अन्य समूहको उपसूचक १.०७ प्रतिशतले बढेको छ।

तीन कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। नेपाल फाइनान्स लिमिटेड, बोटलर्स नेपाल (बालाजु) लिमिटेड र पाँचथर पावर कम्पनी लिमिटेडको शेयर मूल्य १० प्रतिशतले बढेको हो। सबैभन्दा धेरै गुमाउनेमा भने पिपुल्स पावर लिमिटेडको शेयर मूल्य ५.८१ प्रतिशतले घटेको छ।

कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रु १७ करोड १७ लाख ६४ हजार आठ सय ८० बराबरको शेयर कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने प्राइम कमर्सियल बैंक प्रमोटर शेयर आठ लाख आठ हजार पाँच सय २० बराबरको कारोबार भएको छ।

# माओवादीको विधान अधिवेशन: पार्टी क्रियाशील बनाउन सुझाव

काठमाडौं, २ फागुन/रासस

नेकपा (माओवादी केन्द्र) को विधान अधिवेशनमा पार्टीलाई सङ्घीयताको मर्म अनुसार सञ्चालन गर्दै पार्टीलाई छरितो एवं क्रियाशील बनाउनुपर्ने सुझाव प्राप्त भएको छ।

आफ्नो समूहबाट सुझाव पेश गर्ने क्रममा माओवादी नेता हिमाल शर्माले पदाधिकारीसहित प्रत्यक्ष निर्वाचनबाट चयन गर्नुपर्ने व्यवस्था गर्नुपर्ने सुझाव दिए। पार्टी र राजकीय नियुक्तिमा आलोपालो व्यवस्था गर्नुपर्ने उल्लेख गर्दै उनले प्रदेशलाई थप अधिकार दिनुपर्ने सुझाव सरकारलाई पेश गर्नुपर्ने बताएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

अर्का नेता दिलीपकुमार प्रजापतिले पार्टीलाई जनता समक्ष लैजान नयाँ विधानले सहयोग गर्ने विश्वास व्यक्त गरिएको उल्लेख गर्दै जातीय छुवाछूतलाई गम्भीर अपराधको रूपमा राख्नुपर्ने सुझाव पेश गरे। केन्द्रीय सदस्यको सङ्ख्या सकेसम्म कम राख्नुपर्ने सुझाव दिँदै उनले पूर्णकालीन पार्टी सदस्यको स्पष्टरूपमा व्यवस्था गर्न जोड दिए।

त्यसैगरी कुमार पौडेलले पार्टीको विधिगत सञ्चालनका लागि विधान पारित गरेर कार्यान्वयनमा लैजान सुझाव दिए। पार्टीले सत्ता सञ्चालन गर्नुपर्ने व्यवस्था विधानमा गर्नुपर्ने सुझाव दिँदै उनले घाइते तथा पूर्वजनमुक्ति सेनालाई विशेष व्यवस्था गर्नुपर्ने बताए।

परशुराम रम्तेलले पार्टी एकता, आन्तरिक मूल्याङ्कन र मनोनयनलाई व्यवस्थित गर्नुपर्ने र छुवाछूतलाई गम्भीररूपमा लिने व्यवस्था गर्नुपर्ने सुझाव पेश गरे। छलफलका क्रममा चुनाव चिह्न फेर्नुपर्ने सुझाव प्राप्त भएको उल्लेख गर्दै उनले विश्वभरका नेपालीलाई समेट्ने व्यवस्था गर्नुपर्ने सुझाव दिए।

वामदेव क्षत्रीले विधानलाई छरितो बनाउन सुझाव दिँदै प्रदेश र स्थानीय पार्टी समितिलाई कार्यकारी बनाउनेगरी विधान संशोधन हुनुपर्ने बताए। उनले पार्टीका सदस्यभन्दा पनि पार्टी शुभचिन्तकको अध्यक्षमा अनुशासन समिति बनाएर शक्तिशाली बनाउनुपर्ने सुझाव पेश गरे।

हरिराज अधिकारीले चुनाव चिह्न बदल्नुपर्ने सुझाव प्राप्त भएको उल्लेख गर्दै नागरिकता पाएपछि पार्टीको सदस्यता प्राप्त गर्ने व्यवस्था बनाउनुपर्ने सुझाव पेश गरे। उनले आयोगलाई शक्तिशाली बनाउनुपर्ने र सबै पार्टी समितिलाई छरितो बनाउनुपर्ने सुझाव दिए।

रञ्जित तामाङले यही अधिवेशनबाट पार्टी विधान पारित गरेर कार्यान्वयनमा ल्याउनुपर्ने सुझाव प्रस्तुत गर्दै आयोगलाई क्रियाशील बनाउन आग्रह गरे। उनले सरकार र पार्टीलाई समावेश गरेर सत्ता सञ्चालन समन्वय समिति बनाउनुपर्ने सुझाव पेश गरे।

त्यस्तै नेता झक्कुप्रसाद सुवेदीले वैज्ञानिक समाजवादमा जानेगरी प्रस्तावना लेखिनुपर्ने बताउँदै जातीय छुवाछूतलाई गम्भीररूपमा लिनुपर्ने सुझाव दिए। उनले नागरिकता पाएपछि पार्टी सदस्य दिनुपर्ने व्यवस्था गर्न र स्थायी समिति हटाउन सुझाव प्राप्त भएको उल्लेख गरे।

निर्मल आचार्यले अनलाइनमार्फत पार्टी सदस्यता नवीकरण गर्नुपर्ने व्यवस्था गर्न र पार्टीलाई प्रविधियुक्त बनाउन सुझाव दिँदै स्थायी समितिलाई विधानमा राख्न नपर्ने सुझाव रहेको उल्लेख गर्दै पार्टी संरक्षक समिति बनाउनुपर्ने बताए। ओम शर्माले प्रस्तावनालाई चुस्त बनाउन र पार्टीको नाम फेर्नुपर्ने सुझाव आएको उल्लेख गर्दै प्रत्यक्ष निर्वाचन गर्ने व्यवस्था गर्नुपर्ने बताए।

उनले केन्द्रीयसहित सबै समितिलाई छरितो बनाउन एवं जननियन्त्रित पार्टी र पार्टी नियन्त्रित सरकार बनाउनुपर्ने बताए। हालसम्म १० समूहले विधानमाथि सुझाव पेश गरिसकेका छन्। मङ्गलवारदेखि प्रज्ञा प्रतिष्ठानमा शुरू भएको अधिवेशनमा सहभागीलाई विभिन्न २० समूहमा विभाजन गरिएको छ।



मन्दिर पुनर्निर्माण नहुँदा जीर्ण: जीर्ण अवस्थामा बैतडीको दोगडाकेदार– ३ श्रीकोटमा रहेको प्रसिद्ध भिटाकेदार मन्दिर। विसं २०५५ मा करिब रू तीन लाखमा चन्दा सङ्कलन र जनश्रमदानबाट बनेको यो मन्दिर पुनर्निर्माण नहुँदा जीर्ण बनेको हो। तस्बिर: विनोदसिंह विष्ट/रासस

# नेपाली चिकित्सक र विद्यार्थीबारे अमेरिकी अदालतको आदेश

काठमाडौं, २ फागुन/रासस

नेपाली चिकित्सक परीक्षार्थीहरूमाथि अमेरिकाको युनाइटेड स्टेट मेडिकल लाइसेन्सिङ एक्जामिनेशन (युएसएमएलइ) ले गरेको निर्णयविरुद्ध वाशिंगटन डिसीस्थित सङ्घीय अदालतले प्रश्न उठाउँदै बयानका लागि बोलाएको छ।

अदालतले सो संस्थालाई फेब्रुअरी १८ भित्र बयानका लागि उपस्थित हुन आदेश दिएको हो। नेपाली चिकित्सक विद्यार्थीहरूका तर्फबाट नेपाली चिकित्सक परीक्षार्थीहरूको एक समूहले दायर गरेको मुद्दामा न्यायाधीश रूडोल्फ कोन्त्रेरसले सोमवार सो आदेश जारी गरेका अमेरिकास्थित एक चिकित्सकले राससलाई जानकारी दिएका छन्।

अमेरिकामा 'रेजिडेन्सी डाक्टर' बनेर काम गर्दै पढ्न आएका नेपाली डाक्टरहरूको नेपालको परीक्षा र नतीजाबारे सो संस्थाले प्रश्न उठाउँदै उनीहरूलाई अयोग्य भएको निर्णयसमेत गरेको थियो। सो निर्णयबाट अमेरिकामा सन् २०२२ यता काम गर्दै र पढ्दै गरेका चिकित्सकहरूसमेत प्रभावित भएका थिए। यो निर्णयविरुद्ध उनीहरूले उक्त अदालतमा मुद्दा दायर गरेका थिए।

अदालतको यस आदेशले उनीहरूलाई केही राहत दिएको छ। अमेरिकाको 'नेशनल बोर्ड अफ मेडिकल लाइसेन्सिङ' लाई अदालतले नेपाली चिकित्सक परीक्षार्थीहरूलाई सो संस्थाले दिएको अन्तिम म्यादसमेत स्थगित गर्न आदेश जारी गरेको छ।

युएसएमएलई चिकित्सा शिक्षाको थप अध्ययनका लागि प्रवेश परीक्षा लिने चिकित्सा शिक्षा आयोगजस्तै नियामक निकाय हो। सो संस्थाले नेपालको मेडिकल परीक्षा प्रणालीप्रति प्रश्न उठाउँदै सो परीक्षा र त्यसबाट प्राप्त नतीजा अमेरिकाले स्वीकार नगर्ने नीति जारी गरेको थियो।

यो निर्णयले हाल अमेरिकामा अभ्यासमा रहेका, सन् २०२२ यता अमेरिका आएर 'रेजिडेन्सी' गरेका र एमडी गरिरहेका नेपाली डाक्टरहरूलाई प्रभावित पारेको थियो। उनीहरूको योग्यतामा प्रश्न उठ्दा यहाँ गरिहेको काम समेत छोड्नुपर्ने र अमेरिकामा वैधानिकरूपमा भइरहेको बसोवाससमेत छोडेर फर्कनुपर्ने अवस्था आएको थियो।

# लगानी सम्मेलनमा सहभागी हुन विश्वका लगानीकर्तालाई आह्वान

काठमाडौं, २ फागुन/रासस

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा जलविद्युत्, पर्यटन, कृषि तथा उत्पादन लगायत क्षेत्रमा लगानी गर्न विश्वका लगानीकर्ताहरूलाई आह्वान गरेका छन्।

संयुक्त अरब इमिरेट्सको दुबईमा आयोजित विश्व सरकार शिखर सम्मेलन (वर्ल्ड गभर्मेन्ट्स समिट) मा नेपालको निजी क्षेत्रका तर्फबाट धारणा राख्दै अध्यक्ष ढकालले नेपालमा लगानीका प्रचुर सम्भावना रहेकाले विश्वका लगानीकर्ताहरूलाई यसबाट लाभ लिन आग्रह गरेका हुन्।

उनले भने–"नेपालमा जलविद्युत्, पर्यटन पूर्वाधारको विकास, कृषिको आधुनिकीकरण र उत्पादनमूलक क्षेत्रहरूमा लगानीका प्रचुर सम्भावना रहेकाले लगानीका लागि विश्वभरका लगानीकर्ताहरूलाई आह्वान गर्दछु।"

उनले नेपाल सरकारले मुलुकमा लगानी प्रक्रिया सरल बनाउन, नियामकीय कतिपय झन्झट कम गरी पारदर्शिता अभिवृद्धि गर्न र व्यावसायिक वातावरण निर्माण गर्न नेपाल सरकार र निजी क्षेत्रका तर्फबाट पहल भइरहेको कुरा पनि सो सम्मेलनमा राखेको महासङ्घले आज जारी गरेको विज्ञप्तिमा जनाइएको छ।

उनले भनेका छन्–"नेपाल सरकारले यही अप्रिल २८–२९ मा आयोजना गर्न लागेको 'नेपाल लगानी शिखर सम्मेलन २०२४' लाई मध्यनजर गर्दै नेपालमा लगानी अनुकूल वातावरण बनाउन केही ऐन–नियममा संशोधनको प्रक्रिया अगाडि बढाएको छ। साथै, विभिन्न सम्भावित साझेदार मुलुकहरूसँग द्विपक्षीय लगानी सम्झौता गरी लगानी सुरक्षाको प्रत्याभूति गर्न गइरहेको छ। यसले दुई देशबीच व्यावसायिक गतिविधि विस्तारमा सहज वातावरण बनाउने छ।"

उनले नेपालले आयोजना गरेको सो लगानी सम्मेलनमा सहभागी हुन पनि सबैसँग आग्रह गरे।

'सेपिङ फ्युचर गभर्मेन्ट' भन्ने नाराका साथ आयोजना भइरहेको उक्त सम्मेलनमा विश्वका कैयौं देशका राष्ट्र तथा सरकारप्रमुख अन्तर्राष्ट्रिय सङ्घसंस्था, राजनैतिक दल तथा निजी क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहेको छ।

शिखर सम्मेलनमा अध्यक्ष ढकालले नेपालको अर्थतन्त्र र देशको अर्थतन्त्रको विकासमा निजी क्षेत्रको भूमिकाबारे चर्चा गर्दै नेपालको वर्तमान आर्थिक अवस्थाबारे पनि जानकारी गराएका थिए।

# खोजी समाचार- निजामती सेवा : सङ्घ र प्रदेशका कानून बाझिए, कर्मचारी अन्योलमा

टिकाराम सुनार
जनकपुरधाम, १ फागुन/रासस

कृषि ज्ञान केन्द्र सप्तरीको प्रमुखबाट गत भदौ ३० गते सेवानिवृत्त भएका राजेन्द्रप्रसाद यादवले अहिलेसम्म अवकाश पत्र पाएका छैनन् । अवकाशपत्र नै नपाएपछि सेवासुविधा पाउने कुरै भएन। उनी मात्रै होइन, सेवानिवृत्त भएर पनि अवकाश पत्र नपाउने उनीजस्तै धेरै कर्मचारी छन्, मधेस प्रदेशमा ।

अवकाशपत्र दिने जिम्मेवारी प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको हो । तर कार्यालयले सङ्घीय र प्रदेश सरकारको कानून बाझिएर अवकाशपत्र नदिएको दाबी गरिरहेको छ। विद्यमान निजामती सेवा ऐन तथा नियमावली अनुसार ५८ वर्ष उमेर पुगेपछि अनिवार्य अवकाशमा जानुपर्ने कर्मचारीले प्रदेशको कानून टेकेर सर्वोच्च अदालतबाट अन्तरिम आदेश ल्याएर काम गर्न थालेपछि समस्या थप पेचिलो बनेको हो।

मधेस प्रदेश निजामती सेवा ऐन, २०७७ र नियमावली, २०७९ को प्रावधानले अवकाशको उमेर हद ६० वर्ष तोकेको छ। विसं २०७७ माघ २८ गते प्रमाणीकरण भई लागू भएको प्रदेश निजामती सेवा ऐनको दफा ५४ मा अनिवार्य अवकाशबारे भनिएको छ– "प्रदेश निजामती कर्मचारीले साठी वर्ष उमेर पूरा भएपछि प्रदेश निजामती सेवाबाट अनिवार्य अवकाश पाउने छ।" यही प्रावधान अनुसार अदालतबाट अन्तरिम आदेश ल्याएका कर्मचारीहरूले ६० वर्षसम्म काम गर्ने तर अवकाशपछिको अर्थात् ५८ वर्षदेखि ६० वर्षबीचका दुई वर्षको आर्थिक दायित्व कसले लिने भनेर प्रस्ट नभएकोले समस्या आइरहेको पाइएको छ।

त्यही झमेला भोगिरहेका सेवानिवृत्त यादवले भने–"सङ्घीय कानून अनुसार २०७८ भदौ ३० गते अवकाशमा जानुपर्ने भए पनि प्रदेशको कानून टेकेर मैले र अरू थुप्रै साथीहरूले 'स्टेअर्डर' लियौं। त्यति बेला नियमावली आएको थिएन"– यादवले भने–"ऐन अनुसार ६० वर्ष सेवा गरेर अवकाश पाइसकेको छु तर अहिले नियमावलीले फरक व्यवस्था गरेको भनेर अवकाशपत्र पाएको छैन । सरकारले ससम्मान घर पठाउनुपर्ने बेला उल्टै मानसिक तनाव दिएर घर पठाएको छ।"

ऐन आएको झन्डै १६ महीनापछि अर्थात विसं २०७९ जेठ १४ गते राजपत्रमा प्रकाशित भई प्रदेश निजामती सेवा नियमावली लागू भयो। सो नियमावलीको नियम १४२ मा भनियो–"ऐन प्रारम्भ भएपछि भर्ना भएको कर्मचारीको अवकाश उमेर साठी वर्ष तथा समायोजन भइआएका कर्मचारीको हकमा निज भर्ना भएको सेवा समूहसँग सम्बन्धित कानूनमा व्यवस्था भएबमोजिम हुनेछ।"

तर नियमावली आउनु अघि नै धेरै कर्मचारीले ऐनको व्यवस्था टेकेर काम गरिसकेका थिए । अहिले सङ्घबाट समायोजन भइआएका ती कर्मचारीलाई पनि अवकाशपत्र दिइएको छैन। यादव भने सरकारले समयमैं कानून नबनाउँदा दोष कर्मचारीमाथि थोपरेर तनाव दिन नहुने बताउँछन्। उनी भन्छन्–"म विसं २०१३ को निजामती सेवा ऐन, नियमावलीको ६० वर्षे उमेर हद अनुसार सेवा प्रवेश गरेको थिएँ । बीचमा ५८ वर्ष बनाइयो र प्रदेशमा आएपछि फेरि ६० वर्ष भनियो। सेवा प्रवेश गर्दा ६० वर्षका लागि शपथ खाएको मैले प्रदेशको ऐन अनुसार काम गर्न पाउँ भन्नु कसरी गलत हुन्छ ? त्यही अनुसार सर्वोच्च अदालतबाट आदेश पनि भयो। तर अहिले अवकाशपत्रका लागि तनाव बेहोरिरहेको छु।"

केन्द्रको कानून अनुसार गत मङ्सिर २४ गते नै अवकाश पाइसकेका विपिनकुमार झा अदालतबाट स्टेअर्डर लिएर अहिले वन तथा वातावरण मन्त्रालयमा वरिष्ठ जलाधार व्यवस्थापक (१०औं तह) पदमा कार्यरत छन्। "काम त गरिरहेको छु, तर मानसिक द्वन्द्वको अवस्थामा छु। ६० वर्ष गुजारेर गएका अन्य कर्मचारीले सेवासुविधाका लागि झेल्नुपरेको समस्या र पीडा देखेर छोडौंजस्तो लाग्छ। प्रदेश कानून अनुसार काम गर्नु भनेर अदालतले दिएको फैसला हेर्दा काम गरौंजस्तो लागिरहेको छ । द्विविधामा छु"–झाले भने।

सर्लाहीका तत्कालीन डिभिजनल वन अधिकृत माधव देवले भने अदालतबाट 'स्टेअर्डर' लिएर पनि अरूको कानूनी उल्झन देखेर सेवालाई निरन्तरता दिनु भएन । विसं २०७८ मङ्सिर १५ गते सङ्घको कानून अनुसार अवकाश पाउने समय थियो । अरूले जस्तै उनी पनि अवकाश पाउनुअघि स्टेअर्डरका लागि अदालत पुगे । तर सेवानिवृत्त भएको चार दिनपछि अर्थात सोही महीनाको १९ गते अदालतले काम गर्नु–गराउनु भनी स्टेअर्डर जारी गऱ्यो। देव भन्छन्–"अरूले गरेको अभ्यास र प्रदेशको ऐन अनुसार मैले पनि रिट दर्ता गरें, त्यही अनुसार फैसला पनि आयो। तर कानूनको उल्झन र अरू कर्मचारीले भोगेको तनाव देखेर फर्किन मन लागेन।"

मधेस प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव रामकृष्ण पुडासैनीले पनि सो कुरा पुष्टि गरे । अदालतको आदेश लिएर आउनेहरूको सङ्ख्या दिनानुदिन बढ्दै गएको उनले बताए। "कानूनको झमेलामा किन पर्नु भनेर धेरैले ५८ वर्षमैं अवकाश लिइरहेका छन् । तर कतिपय प्रदेशको ऐन कार्यान्वयनका लागि भनेर सर्वोच्चबाट अन्तरिम आदेश लिएर आउँछन् । उनीहरूलाई हाजिर गराउनै पऱ्यो"–पुडासैनीले भने–"सर्वोच्चले भनेपछि मान्नैपर्ने तर भोलि उनीहरूको निवृत्तिभरण र उपदानको रकम कसरी र के आधार टेकेर दिने भन्ने अन्योल छ। त्यसैले अवकाशपत्र दिने गरिएको छैन।"

अवकाशपत्र दिंदा दुई वर्षको आर्थिक दायित्व (पेन्सन पट्टा) आउने र त्यो कसले बेहोर्ने भनेर प्रस्ट नहुँदा समस्या भइरहेको पुडासैनीको कथन छ। "५८ वर्ष र ६० वर्ष उमेर हुँदा पाउने उपदान र निवृत्तिभरण रकम नै फरक पर्छ। त्यो बीचको आर्थिक तथा अन्य कामकारबाईको दायित्व सङ्घीय सरकारले लिने देखिंदैन । निजामती किताबखानामा पेन्सन पट्टा बनाउन जाँदा ५८ वर्षभन्दा माथिलाई चिन्ने अवस्था छैन। त्यसैले हामी द्विविधामा छौं"–सचिव पुडासैनी भन्छन्।

राष्ट्रिय किताबखाना (निजामती) का महानिर्देशक बैकुण्ठनिधि शर्मा विद्यमान ऐनले निजामती कर्मचारीको उमेर हद ५८ वर्ष मान्ने भएकोले किताबखानाले सोही व्यवस्था अनुसार काम गर्ने बताउँछन्। "तोकिएको उमेर हद नाघेर दुई वर्ष बढी सेवा गरेर पाउने थप पेन्सनको कुरा अहिलेको कानून अनुसार गणना गर्न सक्ने अवस्था छैन । ५८ वर्षको जति हुन्छ–त्यहि आधारमा गणना गर्नुपर्ने हुन्छ"– उनले भने–"सङ्घीय निजामती सेवा ऐनमार्फत यो विषय सम्बोधन गरेको खण्डमा केही निर्णय लिन सकिएला । कानून नबनिसकेको अवस्थामा अहिलेलाई यो मिल्दैन।"अहिले अदालतको आदेशले काम गरेपनि भोलि त्यो अवधिको सेवा सुविधा र गणना हुनुपर्ने पेन्सनपट्टा नपाएको अवस्थामा दुःख हुने ठानेर केही कर्मचारी भने ५८ वर्षमा नै अवकाश लिइरहेको पनि उनको भनाइ छ।

अहिले कर्मचारीले भोगिरहेको यो कानूनी र प्रशासनिक उल्झनबारे सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय जानकार भएपनि कसरी सुल्झाउने भनेर ठोस निष्कर्षमा पुगिसकेको छैन। सङ्घीय निजामती ऐन नबनिसकेको अवस्थामा अहिले देखिएका अप्ठेरो कसरी सम्बोधन गर्ने भनेर मन्त्रालयबाट हालसम्म कुनै निर्णय नभएको र मन्त्रालय निर्णय लिन सक्ने अवस्थामा पनि नरहेको सचिव विनोदप्रकाश सिंह बताउँछन् । "उमेर हद ५८ वर्षभन्दा बढीको पेन्सनपट्टा बनाउने, प्रदेशमा जाँदा पद बढ्नेजस्ता सन्दर्भमा मन्त्रालयबाट कुनै निर्णय भएको छैन । त्यो विषयलाई हामीले सम्बोधन गर्न सक्ने अवस्था पनि छैन"–उनले भने– "सङ्घीय निकायहरूले कानूनभन्दा बाहिरका विषयलाई सम्बोधन गर्दैनन् । जुन प्रदेशले कानून बनाउँछ, उसैले व्यवस्थापन गर्ने विषय हो । अदालतले आदेश दिएको विषयलाई हेर्ने कुरा अलग छँदैछ ।" सङ्घीय निजामती ऐन बन्नु अगावै प्रदेशहरूले ऐन बनाएको र विद्यमान ऐनभन्दा फरक पर्नेगरी व्यवस्था ल्याएका कारण यस्तो समस्या देखिएको सचिव सिंहको बुझाइ छ । सङ्घीय निजामती ऐन चाँडै ल्याएर अहिले देखिएका समस्या त्यसमार्फत समाधान गर्न सकिने विकल्प पनि बाँकी रहेको उनी बताउँछन्।

**कर्मचारी व्यवस्थापनमा पनि अन्योल**

उमेर हद मात्रै होइन, प्रदेशमा बेलाबेला उत्पन्न हुने अर्को झमेला हो– प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृतको व्यवस्थापन। प्रदेश निजामती सेवा ऐनको दफा १२३ को सङ्घीय निजामती कर्मचारीसम्बन्धी व्यवस्थामा सम्बन्धित सेवाका कर्मचारी उपलब्ध नभए मात्र सङ्घीय निजामती सेवाका कर्मचारी खटाउन सकिने व्यवस्था छ।

दफा १२३ (२) मा प्रदेश निजामती सेवाका कर्मचारीहरू प्रमुख सचिव र प्रदेश सचिव पदमा बढुवा नहुन्जेल मात्रै सङ्घबाट खटिएका विशिष्ट श्रेणीकालाई मुख्य सचिव र प्रथम श्रेणीका कर्मचारीलाई मन्त्रालयको सचिवमा कामकाज गराउने भनेको छ। १२३ (४) प्रादेशिक संरचनाभित्रको कुनै कार्यालय वा निकायको कार्यालय प्रमुखको पदमा सरुवा वा पदस्थापन गर्दा प्रदेश निजामती सेवाका कर्मचारीलाई प्राथमिकता दिने भनिएको छ। तर सङ्घीय ऐन, नियमले भने मुख्य सचिव, प्रदेश सचिव र प्रमुख प्रशासकीय अधिकृत सङ्घबाटै खटाउने व्यवस्था गरेको छ।

यस द्विविधाबाट जगन्नाथ जयसवाल समस्यामा परेका छन् । उनी वन तथा वातावरण मन्त्रालयका तत्कालीन सचिव विशाल घिमिरे सरुवा भएपछि विसं २०७९ चैत अन्तिममा निमित्त सचिव र पछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को निर्णय अनुसार गत भदौ ३० प्रदेश सचिव बने। तर जयसवाललाई सचिव तोकिएको केही महीनामैं सङ्घीय सेवाका सहसचिव उद्धवबहादुर घिमिरे वन मन्त्रालयको सचिव हुने गरी सरुवा भएर आए।

प्रदेशले तोकेको सचिवको अर्को व्यवस्था नभएको र केन्द्रबाट कर्मचारी खटी आएपछि मुख्य जिम्मेवारी कसले लिने विषयमा द्विविधा भयो । यो दुविधाका कारण कर्मचारीले केही समय तलबसमेत लिन पाएनन्। तर यही माघ ८ गतेको पत्र अनुसार जयसवाल १० गते मन्त्रालयबाट रमाना लिएर मुख्यमन्त्री कार्यालयमा सरुवा भएका छन्।

"११ औं तहमा बढुवा भएपछि मेरो पद प्रदेश वन निर्देशक हो। तर सो पद रिक्त राखेर शुरूमा निमित्त र पछि प्रदेश सचिव भनेर मन्त्रालयमा खटाइयो"–जयसवालले भने–"मलाई जिम्मेवारी दिइसकेपछि प्रदेश सरकारले बचाउ गर्नुपर्थ्यो कि सङ्घबाट सरुवा भएका कर्मचारी हाजिर नहुँदै मेरो व्यवस्थापन हुनुपर्थ्यो । तर डेढ महीनाभन्दा बढी समय समस्या भयो। कोष तथा लेखा नियन्त्रक कार्यालयले नयाँ सचिवको हस्ताक्षर चल्ने भए पहिलेको सचिवको के गर्ने भनेर प्रश्न उठाएपछि मात्रै हतारमा अतिरिक्त समूहमा मुख्यमन्त्री कार्यालय ल्याइएको छ।"

नेपाल मधेसी कर्मचारी मञ्चका महासचिव बेचनकुमार महतोले संविधानले परिकल्पना गरे अनुसार समयमैं सङ्घीय ऐन कानून नआउँदा समस्या भइरहेको गुनासो गरे । "प्रदेश सचिव, प्रमुख प्रशासकीय अधिकृत केन्द्रबाट पठाउने प्रावधान छ, तर प्रदेशले पनि आफ्नो कर्मचारी उपलब्ध भएमा सो जिम्मेवारी दिने व्यवस्था गऱ्यो। एकजना मात्रै भएको अवस्थामा त केही छैन, तर दुईजना सँगै उपस्थित भएमा त समस्या हुने भयो। त्यही समस्या वन मन्त्रालयमा देखिएपछि केही समय तलब नै दिन सकिएन"– महतोले भने । उनले नयाँ परिवेशमा बनेका प्रदेश ऐन नियममा नयाँ व्यवस्था गरिएको तर सङ्घीयता कार्यान्वयनमा आएको आठ वर्षसम्म पनि सङ्घीय सरकारले ऐन नबनाएपछि कर्मचारीहरू पीडित हुनुपरेको बताए । "जिम्मेवारी, सरुवा, बढुवालगायत थुप्रै विषयमा कानून बाझिएका छन् । जे गर्दा पनि समस्या आउने भएपछि कर्मचारीमा नैराश्यता छ । अनि कसरी सेवाप्रवाहमा उत्साह सिर्जना गर्न सकिन्छ ?"–उनले प्रश्न गरे।

मधेस प्रदेशका मुख्य न्यायाधिवक्ता वीरेन्द्रकुमार ठाकुरले प्रदेश सरकार र कर्मचारी प्रशासनले पाइला–पाइलामा कानूनी उल्झनको सामना गर्नुपरिरहेको बताए। "प्रदेशले बदलिंदो समय अनुसार ऐन कानून बनायो, तर नेपाल सरकारले सङ्घीयता आत्मसात् गर्न आनाकानी गरेर समय सापेक्ष कानून बनाएन"–ठाकुर भन्छन्–"यसको असर सेवाप्रवाहमा पर्न थालेको छ।"

मुख्यमन्त्री कार्यालयका सचिव पुडासैनीले सङ्घ र प्रदेशको कानून बाझिएको अवस्थामा व्यवस्थापनमा समस्या भएको स्वीकार गरे । "केही समय अघि प्रदेशको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा एकैपटक दुई सचिव भएपछि समस्या भयो। स्थानीय तहमा पनि बेलाबेला यस्तै समस्या आउने गरेको हामी सुन्छौं"–पुडासैनीले भने– "समयमैं सङ्घीय कानून बनाइएको भए वा कानूनमा एकरूपता भए यस्तो समस्या आउँथेन होला।"

जिम्मेवारी र उमेर हदको समस्या त छँदैछ। बढुवाको विषय पनि त्यत्तिकै पेचिलो बनेको छ । एकातर्फ जसलाई जुन नियममा टेक्दा सजिलो हुन्छ, त्यही नियममा टेकेर बढुवा हुने र अर्कोतर्फ समायोजन भएर आएका कर्मचारीलाई प्रदेश सरकारले बढुवा गर्दा अहिलेसम्म पनि केन्द्रले कतै मान्यता नदिएको कर्मचारीकै गुनासो छ।

सचिव पुडासैनी पनि कर्मचारी बढुवाबारे भन्छन्–"उदाहरणका लागि सङ्घबाट दशौं तह (उपसचिव) मा समायोजन भएर आएका कर्मचारीलाई प्रदेशले ११ औं तह (सहसचिव) मा बढुवा गऱ्यो र उसको पेन्सन पट्टाका लागि निजामती किताबखाना पठाइयो भने त्यहाँ उपसचिवलाई मात्रै चिन्ने गरेको छ। त्यसो हुँदा कि सङ्घीय ऐन नियम अनुसार सेवा सुविधा लिनुपर्ने वा अदालत नै धाउनुपर्ने समस्या आइरहेको छ।"

प्रदेशमा स्वास्थ्यलगायत विशिष्टीकृत सेवा समूहका कर्मचारीको बढुवासम्बन्धी विषय झन् समस्याग्रस्त छ । प्रदेश निजामती सेवा ऐन र नियमावलीमा प्रस्ट व्यवस्था नहुँदा कतिपय अवस्थामा तजबिजी अधिकार प्रयोग गरेर बढुवा गर्ने गरिएको आरोप लाग्ने गरेको छ। यसका उदाहरण हुन्–प्रदेश लोकसेवा आयोगको बढुवा सूचना नं १५/०८०–८१ तथा सूचना नं १९/०८०–८१ अनुसार गत मङ्सिर २१ गते प्रकाशित बढुवा सिफारिश।

विसं २०८० साउन ३२ गतेको सो सूचना अनुसार स्वास्थ्य सेवाका नवौं तहमा बढुवा हुने कर्मचारी हुन् कृष्णदेव यादव (क.स.नं २२६०३२) र कुमार मृत्युञ्जयप्रसाद (क.स.नं २१४८१३) । कृष्णदेवको जनस्वास्थ्य प्रशासक नवौं र कुमार मृत्युञ्जयको उपप्रमुख मेडिकल ल्याबटेक्निसियन (मे.टे) मा बढुवा भएको सूचनामा उल्लेख छ।

प्रदेश निजामती सेवा ऐनमा स्वास्थ्य सेवाका कर्मचारीको बढुवाका हकमा प्रस्ट व्यवस्था गरेको पाइँदैन। ऐनको दफा ९ को प्रदेश निजामती सेवाको पदपूर्तिसम्बन्धी व्यवस्था (ख) मा प्रदेश स्वास्थ्य सेवातर्फ पनि पदपूर्तिको कुरा उल्लेख छ । त्यसैगरी, दफा ३० को बढुवाका लागि न्यूनतम योग्यताको व्यवस्था गरिएको तर स्वास्थ्यसेवाको हकमा केही कुरा बोलेको छैन। त्यस्तो अवस्थामा विद्यमान नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र नेपाल स्वास्थ्य सेवा

(बाँकी पाँचौं पातामा)

## फरक समाचार

### बुबोनिक प्लेग अमेरिकामा देखियो

अमेरिकामा एउटा अर्को महामारीको त्रास मडारिरहेको छ । ओरेगन राज्यका अधिकारी अनुसार एकजना व्यक्तिमा बुबोनिक प्लेगको दुर्लभ मामिला देखिएको छ । यो ब्याक्टेरिया पालुवा बिरालोबाट सो व्यक्तिमा सरेको हो । डेसच्युटस काउन्टीका स्वास्थ्य अधिकारी डा रिचर्ड फसेटले पछिल्लो साता




रोगीको बारेमा बताउँदै भने– त्यस व्यक्ति र उनका पालुवा जनावर तथा नजीकका व्यक्तिसँग सम्पर्क गऱ्यौं र बिमारी रोक्न औषधि दिएका छौं ।


यस प्लेगलाई ब्ल्याक डेथ पनि भनिन्छ। जसले मध्ययुगको दौरान युरोपको एक तिहाई आबादीलाई मारेको थियो । १४औं शताब्दीमा यो ब्ल्याक डेथ युरोपमा फैलिएको थियो। मानव इतिहासको सबैभन्दा घातक महामारीमध्ये पाँच करोडभन्दा बढी व्यक्ति मारिएका थिए । यद्यपि त्यसपछि यस ब्याक्टेरियाको मामिला शुन्य भएको थियो। अब यसको उपचार पनि गर्न सकिन्छ तर पनि अधिकारीहरूको सशङ्कित छन् र यसलाई अत्यन्त खतरनाक मानेका छन्।

बुबोनिक प्लेगको लक्षणः अधिकारीका अनुसार मनुष्यमा यस प्लेगको लक्षण कुनै सङ्क्रमित जनावर वा पशुको सम्पर्कमा आएको आठ दिनपछि देखिन्छ। ज्वरो आउने, बान्ता लाग्ने, कमजोरी हुने, चीसो लाग्ने, मांसपेशी दुखाई आदि यसको लक्षण हुनसक्छ। समयमा उपचार गरिएन भने बुबोनिक प्लेग, सेफ्टीकेमिक प्लेग, रक्त प्रवाहमा सङ्क्रमण वा न्युमोनिक प्लेगमा परिणत हुनसक्छ जसबाट फोक्सोमा गम्भीर क्षति पुग्छ।

एउटा बयानमा भनिएको छ– सौभाग्यले रोगीको पहिचान रोगको प्रारम्भिक लक्षणमै गरियो र यसको उपचार पनि भयो जसबाट अब समुदायमा कुनै खतरा छैन। ओरेगन स्वास्थ्य प्राधिकरणले भनेको छ, सो क्षेत्रमा प्लेग दुर्लभ हो। अन्तिम मामिला सन् २०१५ मा रिपोर्ट गरिएको थियो।

### फोन ह्याक भएको कसरी थाहा पाउने

साइबर अपराधी र ह्याकर्सले कैयौं तरीकाबाट सर्वसाधारणको मोबाइल ह्याक गरिरहेका छन् । थुप्रैपटक सर्वसाधारणलाई यो पनि थाहा हुँदैन कि उसको मोबाइल ह्याक भएको छ। ह्याकर्स र अपराधीहरूले मोबाइल प्रयोगकर्ताको डाटा चोरेर बैंक अकाउन्ट खाली गर्छन्। कैयौंपटक प्रयोगकर्ताको निजी गोप्य जानकारी लिक गर्ने धम्की दिएर रकम माग गरी ब्ल्याकमेल गर्दछन्। यद्यपि फोनमा केही सङ्केत देखिन्छ जसलाई ध्यान दिंदा तपाईंले थाहा पाउन सक्नुहुन्छ कि मोबाइल ह्याक भएको छ। ह्याकरले तपाईंको फोनमा प्रवेश गरेर तपाईं



आफन्तजनको मोबाइल पनि ह्याक गर्न सक्छ।

अचानक मोबाइल स्लो हुने अथवा ह्याङ हुनेः जब तपाईंको फोन राम्ररी चलिरहेको हुन्छ तर अचानक स्लो हुन पुग्छ भने यस्तो स्थितिमा प्रयोगकर्ताले भन्छन् मेरो मोबाइल ह्याङ भयो तर यो ह्याङ मात्र होइन ह्याक पनि भएको हुनसक्छ। पटकपटक मोबाइलको स्क्रिन फ्रिज हुनु र फोन क्र्यास हुँदा पनि ह्याकिङकै सामान्य सङ्केत हुनसक्छ।

मोबाइलको सेन्सर र ब्याट्रीः तपाईंको फोनमा मेलवेयर वा फ्रड एप भएपछि मोबाइलको ब्याट्री तीव्र गतिले समाप्त हुन्छ। यो पनि ह्याकिङकै सङ्केत हुन सक्छ। फोनको ब्याट्री सामान्य स्थितिको तुलनामा निकै चाँडै समाप्त हुन्छ किनभने यस्ता एप्स स्क्रिन अफ भएको बेलामा पनि काम गरिरहेको हुन्छ र तपाईंको निजी डाटालाई चोरिरहेको हुन्छ। केही मामिलामा मोबाइलको सेन्सर पटकपटक डिटेक्ट हुन थाल्छ। यो पनि मोबाइल ह्याक भएको एउटा सङ्केत हुनसक्छ।

विभिन्न प्रकारको सन्देश पठाउँछः यदि तपाईंलाई पटकपटक अकाउन्ट लगइनको मेसेज आइरहेको छ भने तपाईं ह्याकिङको शिकार भएको हुनसक्छ। यस्तोमा तुरुन्तै आफ्नो सोसल मिडिया अकाउन्टलाई चेक गर्ने गर्नुपर्छ। यदि तपाईंलाई कुनै संदीग्ध लगइनको बारे जानकारी पाउनुहुन्छ भने बुझ्नुस् कसैले तपाईंको फोन ह्याक गरेको हुनसक्छ ।

अनजान कल र एसएमएसः कैयौंपटक ह्याकर्सले प्रयोगकर्ताको मोबाइलमा ट्रोजन म्यासेजको माध्यमबाट जाल फाल्छ। यसको अलावा ह्याकर्स तपाईंको कुनै नजीकका साथीभाइको पनि फोन ह्याक गर्न सक्छ। जसबाट तपाईंको तथ्याङ्क चोर्ने प्रयास गर्छ। यसैले कुनै पनि एसएमएस आएपछि एसएमएसमा रहेको लिङ्क सोच विचार गरेर मात्र क्लिक गर्नुहोला।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# बन्धकका परिवार न्याय खोज्दै आइसिसीमा

जेरूसेलम, २ फागुन/एएफपी

गाजामा बन्धक बनाइएका करीब १०० परिवारका प्रतिनिधि हमासविरुद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालतमा 'मानवताविरुद्धको अपराध' को मुद्दा दायर गर्न बुधवार हेग पुगेका छन् ।


तस्वीरः एजेन्सी

इजरायली अधिकारीहरूका अनुसार हमासको नेतृत्वमा प्यालेस्टिनी लडाकूहरूले अक्टोबर ७ मा इजरायलमाथि आक्रमण गर्दा करीब २५० जनालाई अपहरण गरेका थिए, जसमध्ये करीब १३० जना अझै गाजामा बन्धक बनाइएका छन् । तीमध्ये २९ जनाको मृत्यु भएको अनुमान गरिएको छ ।

"यो हाम्रो कथा मात्र होइन । यदि हामीले यसलाई रोकेनौं भने भोलि यो सारा विश्वको कथा हुनेछ"–गाजामा बन्धक बनाइएका मध्येका एक व्यक्तिका आफन्त ओफ्री बिबासले भने ।

"सम्पूर्ण मानव जाति एक विश्वव्यापी 'आतङ्कवादी सेना' विरुद्ध एक साथ उभिनुपर्छ, यसमा हमास उसको अभियानको एक एकाइ मात्र हो"–हेगको लागि उडान भर्नुभन्दा केही मिनेट अघि उनले भने ।

'होस्टेज एन्ड मिसिङ फ्यामिलीज फोरम' का हेम रूबिनस्टाइनले अभियान समूहले हमासका नेताविरुद्ध आइसिसीमा मुद्दा दायर गर्ने बताए ।

रूबिनस्टाइनले तेल अविव नजीकै बेन गुरियन विमानस्थलबाट टेलिभिजनमा प्रसारण गरिएको भिडियो सन्देशमा भने–"हामी बन्धकका परिवार हौं र हामी भयानक नारकीय अवस्थाबाट गुज्रेका छौं र अझै पनि गुज्रिरहनुपर्ने बाध्यता देखिएको छ ।"

उनले भने–"हामी हमासका सदस्य र तिनका सहयोगीहरूविरुद्ध मुद्दा दायर गर्नेछौं र उनीहरूले मानवताविरुद्धको अपराधका लागि सबैभन्दा ठूलो मूल्य चुकाउनुपर्ने सुनिश्चित गर्नेछौं ।"

इजरायलको आधिकारिक तथ्याङ्कका आधारमा एएफपीले सार्वजनिक गरेको तथ्याङ्क अनुसार अक्टोबर ७ मा भएको हमासको आक्रमणाका कारण इजरायलमा करीब ११६० जनाको मृत्यु भएको थियो ।

इजरायलको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलमा भएको आक्रमणमा परी कम्तीमा २८,४७३ जनाको मृत्यु भएको छ । मृतकमध्ये अधिकांश महिला र बालबालिका रहेका छन् ।

बन्धक बनाइएका परिवारले इजरायली अधिकारीहरूलाई बाँकी बन्धकको रिहाइका लागि दबाब दिइरहेका छन् ।

इजरायलका गुप्तचर प्रमुख डेभिड बार्नेयाले मङ्गलवार इजिप्टको राजधानीमा सिआइएका निर्देशक विलियम बर्न्सलाई भेटेर गाजामा युद्ध रोक्ने कतारी मध्यस्थताको योजनाबारे छलफल गरेका थिए ।

कतारका प्रधानमन्त्री र इजिप्टका अधिकारीसमेत सम्मिलित उक्त वार्ता इजरायलले दक्षिणी शहर रफाहमा स्थलगत आक्रमण गर्नु अघि युद्धविरामको लागि तीव्र प्रयासको एक भाग हो । यस क्षेत्रको आधाभन्दा बढी जनसङ्ख्या पलायन भएको छ ।

नरसंहार, युद्ध अपराध र मानवताविरुद्ध अपराधजस्ता गम्भीर अपराधको अनुसन्धानका लागि आइसिसी विश्वको एक मात्र स्वतन्त्र अदालत हो ।

अदालतका मुख्य अभियोजक करिम खानले सोमवार गाजामा रहेका सबै बन्धक रिहा गर्न आह्वान गर्दै रफाहमा इजरायलको सम्भावित आक्रमणबारे चिन्ता व्यक्त गरेका थिए ।

खानले एक्स (ट्वीटर)मा भनेका छन्–"गाजामाका घटनाहरूबारे आफ्नो कार्यालयको अनुसन्धान 'अति तात्कालिक भनी अगाडि बढाइएको छ ।"रासस

# शरणार्थी शिविरमा भएको बम विस्फोटको युनिसेफद्वारा निन्दा

किन्शासा, २ फागुन/सिन्हवा

संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) ले पूर्वी कङ्गो लोकतान्त्रिक गणतन्त्र (डिआरसी) मा विस्थापितहरूको शिविरमा भएको बम विस्फोटको निन्दा गरेको छ ।

हिंसाबाट भागेका परिवारहरू सुरक्षा प्रदान गर्ने ठाउँमा मृत्यु वरण गर्नु तथा घाइते हुने कुरा अकल्पनीय भएको कङ्गोका लागि युनिसेफका प्रतिनिधि ग्रान्ट लेइटीले बताए ।

उनले द्वन्द्वका सबै पक्षलाई निर्दोष नागरिक तथा बालबालिकाको जीवन रक्षा गर्न आह्वान गरे । अपराधीहरूलाई जवाफदेह बनाउन र बालबालिका र उनीहरूका परिवारका लागि सुरक्षा बलियो बनाउनु सरकारको जिम्मेवारी रहेको लेइटीले बताए ।

उत्तरी किवु प्रान्तको साकेको बाहिरी इलाकामा विस्थापित मानिसहरूका लागि जाइना शिविरमा सोमवार भएको विस्फोटमा बालबालिकासहित केही व्यक्तिको मृत्यु हुनुका साथै केही घाइते भएका थिए ।

हालैका महीनाहरूमा पूर्वी कङ्गोमा भएको तीव्र द्वन्द्वले विशाल जनसङ्ख्यालाई आधारभूत मानवीय सहायताको आवश्यकता भएको छ ।

जनवरी २०२४ मा उत्तरी कीभूमा नयाँ विस्थापितहरूको सङ्ख्या सन् २०२३ जनवरी २३ को तुलनामा निकै बढेको छ । विज्ञप्ति अनुसार अहिले उक्त प्रान्तमा ११ लाख विस्थापित छन् । रासस

# इजरायली सैन्य कारबाईले नरसंहार निम्त्याउन सक्ने चेतावनी

जेनेभा, २ फागुन/सिन्हवा

राफाह इजरायली सैन्य कारबाईले गाजामा नरसंहार निम्त्याई निरीह मानिसको मृत्यु हुन सक्ने चेतावनी संयुक्त राष्ट्रसङ्घीय मानवीय मामिला उप–महासचिव मार्टिन ग्रिफिथ्सले मङ्गलवार जारी गरेका छन् ।

उनले दक्षिणी गाजाको रफाहमा स्थल आक्रमणाको खतरनाक परिणामविरुद्ध अन्तर्राष्ट्रिय समुदायको चेतावनी उल्लेख गर्दै इजरायलले उनीहरूको आह्वानको बेवास्ता नगर्ने विश्वास व्यक्त गरेका छन् ।

रफाह र गाजाका मानिस आक्रमणको शिकार भएको बताउदै उनले यसको तीव्रता, क्रूरता र दायरा अतुलनीय भएको उल्लेख गरेका छन् ।

मानवीय सहायताकर्मीहरूले चार महीनाभन्दा बढी समयदेखि अप्ठेरोमा परेका मानिसहरूलाई सहयोग गर्न करीब असम्भव रहेको कुरामा जोड दिंदै उनले सुरक्षा सुनिश्चितता, सहायता आपूर्ति तथा कामलाई निरन्तरता दिने कर्मचारी क्षमताको अभाव रहने चेतावनी दिएका छन् । मानवीयमामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (ओसिएएचए) ले मङ्गलवार गाजाको स्वास्थ्य मन्त्रालय (एमओएच) लाई उद्धृत गर्दै २४ घण्टाभित्र इजरायली आक्रमणबाट थप १३३ प्यालेस्टिनीको मृत्यु भएको तथा १६२ प्यालेस्टिनी घाइते भएको जनाएको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – भाग्योदय | वृष – बेचैनी |
| मिथुन – मनोरञ्जन | कर्कट – कर्मप्राप्ति |
| सिंह – प्रगति | कन्या – उदरपीडा |
| तुला – विजय | वृश्चिक – धनखति |
| धनु – ज्ञानोदय | मकर – वादविवाद |
| कुम्भ – राज्यलाभ | मीन – धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


## यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

**प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)**
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



नेपाल र भारतका शान्ति र अहिंसाप्रेमीहरूलाई शङ्कराचार्यद्धारमा स्वागत गर्दै । तस्वीरः राधेश्याम पटेल

# रक्सौलबाट ३७५ किलो गाँजा बरामद

प्रस, वीरगंज, २ फागुन/

भारतीय एसएसबीले पौने चार सय किलो गाँजासहित एकजना नेपालीलाई पक्राउ गरेको छ ।

एसएसबी ४७औं वाहिनी रक्सौलका कमान्डर उपनिरीक्षक मनोरञ्जन दास र मुख्य आरक्षी रामचन्द्र रामले ना.४ च ८९७८ नम्बरको पिकअप गाडीबाट सो परिमाणको गाँजा बरामद गरेको एसएसबीले जनाएको छ । पिकअपमा फल्स बटम बनाएर २५ प्याकेट गाँजा (पौने चार सय किलो ) भारत छिराएको र एसएसबीको टोलीले आइसिपीको गेट नं ४ बाट सो गाँजासहित



गाडीचालक मकवानपुरका अम्बरबहादुर लाई पक्राउ गरेको जनाएको छ । एक साता अगाडि एसएसबीले सोही ठाउँबाट २०६ किलो गाँजा बरामद गरेको थियो ।

# नदीजन्य पदार्थको ठेक्का हिमानी सप्लार्यसलाई

प्रस, निजगढ, २ फागुन/

निजगढ नगरपालिकाले लगाएको लागि आर्थिक वर्ष २०८०/०८१ पहिलो पटक एक महीने सूचना प्रकाशित गरी निजगढ नगरपालिकाद्वारा लगाइएको खोलाको ठेक्का तीनपटक पारेको हो ।


निजगढको पाँचवटामध्ये तीनवटा बकैया खोला, लाल–भक्तलाल खोला, शक्तिखोलाको ठेक्का लागेको छ ।
तस्वीरः जीतलाल श्रेष्ठ

पाँचवटा खोलामध्ये तीनवटा खोलाको ठेक्का हिमानी सप्लायर्स निजगढ नपा–७ बारालाई परेको निजगढ नगरपालिकाको कार्यालयले जनाएको छ ।

नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, ओसारपसारको ठेक्का बन्दोबस्तीका विद्युतीय बोलपत्र आह्वान गरेसँगै बुधवार खोलिएको टेन्डरमा हिमानी सप्लार्यसलाई बकैया खोला, लाल–भक्तलाल खोला, शक्तिखोलाको ठेक्का परेको हो ।

उक्त सप्लार्यसले भ्याट रकमसहित ८ करोड २८ लाख २९ हजार रुपियाँमा ठेक्का पारेको निजगढ नपाले जनाएको छ । विद्युतीय बोलपत्र द्वारा ठेक्का बन्दोबस्ती सूचना प्रकाशित भएपछि ६ वटा फारम बिक्री भएपनि दुईवटा ठेकेदार कम्पनीले फारम भरेको निजगढ नपाले जनाएको छ ।

हिमानी सप्लार्यसले अहिलेसम्म यस वर्ष पहिलोपटक ठेक्का लाग्न नसकेको बगर खोला र धन्सार खोलाको ठेक्का पुनः थप १५ दिने सुचना प्रकाशित गर्ने निजगढ नपाले जनाएको छ । ठेक्का परेका ती तीनवटा खोलाबाट ७० लाख ६ हजार ६०८ घनफिट अर्थात् १ लाख ९८ हजार ६ सय घनमिटर मात्र नदीजन्य पदार्थ उत्खनन पाइने कानुनी शर्त छ । ठेक्का लाग्न नसकेको दुई खोलाबाट ३३ लाख ७० हजार १२२ घनफिट अर्थात् ९५ लाख ५२५ घनमिटर नदीजन्य पदार्थ उत्खनन, ओसारपसार, सङ्कलन गर्न पाइने जनाइएको छ ।

### खोजी समाचार ....

नियमावली, २०५५ आकर्षित हुनुपर्ने जानकारहरू बताउँछन् ।

स्वास्थ्यका जानकार रामविनय साह आवश्यक न्यूनतम योग्यताका लागि नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को अनुसूची–६ मा उल्लिखित न्यूनतम योग्यता र अनुभव तथा नेपाल स्वास्थ्य सेवा ऐनको दफा १२ आकर्षित हुने बताउँछन् । "कानून बाझिएको अवस्थामा विद्यमान सङ्घीय कानून अनुसार हुने कुरा अनिवार्य व्यवस्था हो तर यहाँ त्यसको पालना भएको देखिंदैन । जसले गर्दा बढुवामा समस्या छ"–साहले भने ।

नियमावलीको अनुसूची–६ मा हेल्थ इन्सपेक्शन र मेडिकल ल्याब टेक्नोलोजीतर्फ पनि अधिकृत नवौं तहमा बढुवा हुनका लागि कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त हुनुपर्ने भनिएको छ । त्यसैगरी ऐनको दफा १२ मा उमेर, नागरिकता, आचरणलगायत विषयहरू उल्लेख गरिएको छ । तर प्रदेशमा भने अधिकृत नवौंदेखि ११ औं तहसम्म सबैका लागि स्नातक तह उत्तीर्ण भए पुग्ने भन्दै धमाधम बढुवा भइरहेको छ ।

# नेकाका वयोवृद्ध नेतालाई सम्मान



प्रस, पर्सागढी, २ फागुन/

पर्सागढी नगरपालिका–४ निवासी नेपाली काङ्ग्रेसका वयोवृद्ध नेता आसमनप्रसाद यादवको ८५ वर्षको उमेर मा निधन भएको छ । नेका महासमिति सदस्य तथा पर्सागढीका पूर्वनगरप्रमुख लोकनारायण यादवले स्व यादवको शरीरमा पार्टीको झन्डा ओढाएर सम्मान गरेका थिए ।

कार्यक्रममा नेकाका अच्छेलाल यादव, वडाध्यक्ष शेख खुर्शीद, समसुद्दीन शाह देवान, किसुनदेवप्रसाद यादवलगायत सहभागी थिए । सम्मान कार्यक्रमपछि दाहसंस्कार सम्पन्न गरिएको थियो ।



सरस्वतीपूजाको भोजः पर्सागढी नगरपालिकाको एउटा सामुदायिक विद्यालयमा सरस्वतीपूजाको भोज पूडी–तरकारी, बुनियाको भोज खाएर रमाउँदै ससाना बालबालिका । तस्वीरः बलिराम शुक्ला

# दुग्धेश्वर महादेव मन्दिरमा वसन्त पञ्चमी मेला

प्रमोद यादव, पचगावाँ, २ फागुन/

पर्सा राष्ट्रिय निकुञ्जको जङ्गलभित्र रहेको पर्यटकीयस्थल दुग्धेश्वर महादेव मन्दिर रामभौरीभाथामा आज वसन्त पञ्चमीको मेला लागेको छ ।

पर्सा, बारा तथा भारत बिहारबाट श्रद्धालुहरूको भीड लागेको छ। वर्षौंदेखि माघे सङ्क्रान्ति, वसन्त पञ्चमी, साउन र वैशाख महीना गरी तीनपटक भगवान शिवलाई भक्तजन जल चढाउन आउने गर्छन् ।

वसन्त पञ्चमीको मेला भर्न शिवभक्तहरूको बिहानैदेखि दुग्धेश्वर महादेव मन्दिरमा घुइँचो लागेको थियो। त्रिवेणीबाट जल भरेर आजैको दिन दुग्धेश्वर महादेवमा चढाउने गरिन्छ ।



तस्वीरः प्रतीक

यसका लागि ठूलो सङ्ख्यामा काँवरियाहरू आएका थिए ।

एक महीना समय लगाएर त्रिवेणीबाट जल भरेर काँवरिया बाबाहरूमध्ये आधा दुग्धेश्वर महादेव मन्दिर र आधा भारतको अरेराज मन्दिरमा पुगेर श्रीपञ्चमीको दिन जल चढाउने गर्छन् ।

मानव बस्तीबाट मन्दिरसम्म जाने बाटो धेरै भए पनि नेपाली सेनाले चारभैया पोस्टको मेला समितिको आग्रहमा बाटो खोलेपछि दुग्धेश्वर महादेव मन्दिरसम्म आवतजावत गर्ने भक्तजनलाई सहज भएको थियो ।


## वैदेशिक रोजगारीमा जाँदा कामदार भिसामा मात्र जाऔं

- भिजिट वा अन्य भिसामा वैदेशिक रोजगारमा नजाऔं,
- कामदार भिसाबाहेकका अन्य भिसामा कसैले वैदेशिक रोजगारमा लाने प्रलोभन ठगीको नियतले हुनसक्छ,
- ठगहरूले प्रलोभनमा पारी कामदार भिसाबाहेकका अन्य भिसामासमेत वैदेशिक रोजगारीमा लान सक्छन्,

त्यसैले आफ्नो भिसा यकिन गरेरमात्र वैदेशिक रोजगारमा जाऔं,

वैदेशिक रोजगारलाई सुरक्षित बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## मेंहदी तालीम सम्पन्न

दिनेशकुमार मिश्र, वीरगंज, २ फागुन/

पोखरिया नगरपालिकामा मेंहदी



लगाउने तालीम सम्पन्न भएको छ। माँ विन्ध्यवासिनी डेभलपमेन्ट एन्ड सीप सेन्टरको आयोजना र पोखरिया नपाको सहयोगमा वडा नं. ५ का बालिकाहरूलाई तालीममा सहभागी गराइएको थियो । माघ १५ गतेदेखि शुरू भएको १५ दिने तालीम मङ्गलवार समापन भएको थियो।

नगरप्रमुख प्रद्युम्नप्रसाद चौहानले तालीममा सिकेका सीपबाट आयआर्जन गर्न सुझाव दिए ।

तालीममा सहभागी ३० जनालाई वडाध्यक्ष महेन्द्र महतोले प्रमाणपत्र वितरण गरेका थिए । कार्यक्रममा सामाजिक विकास शाखाका नरेन्द्र साहले सहजीकरण गरेका थिए ।

## हराउँदै.......

सक्रायतमा तरूल, सुठुनी र उखुबाट बन्ने सख्खर । नयाँ वर्ष (वैशाख १ गते) को जुडशीतलमा सोहीजन, चौरचन/छठमा केरा। पर्वपिच्छे कृषि फसलका विशेष सम्बन्ध रहेको झा सम्झन्छन् ।

आफ्नो ठाउँका पुराना लोकपरम्परा हराउँदै जाँदा पाका पुस्ताका मैथिल खिन्नता जनाउँछन् । एकपछि अर्को परम्परा बिर्संदै, हराउँदै गएपछि आफ्नो विगतप्रति गौरवबोध गर्ने अवस्था नै नरहने चिन्ता लाग्ने गरेको बर्दिवास–९ पशुपतिनगरका ८० वर्षीय किसान नथुनी महतो बताउँछन् । नयाँ पुस्ताले यी चाडपर्वविशेषका लोक परम्परा खोजी थामी दिऊन् भन्ने लाग्ने गरेको महतोको भनाइ छ ।


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## कुवेतलाई हराउँदै नेपाल सेमिफाइनलमा

काठमाडौं, २ फागुन/रासस

कुवेतलाई हराउँदै नेपाल एसिसी महिला प्रिमियर कप क्रिकेट प्रतियोगिताको सेमिफाइनमा प्रवेश गरेको छ ।

मलेशियाको क्वालालाम्पुरस्थित वाइएसडी युकेएम क्रिकेट मैदानमा आज भएको खेलमा नेपालले कुवेतलाई आठ विकेटले पराजित गर्दै सेमिफाइनलमा पुगेको हो । टस जितेर पहिला ब्याटिङ रोजेको कुवेतले नेपाललाई ७४ रनको लक्ष्य दिएको थियो ।



तस्वीरः सौजन्य

ब्याटिङ गर्ने क्रममा वर्षाले खेल प्रभावित बनेको थियो । नेपालले १२ ओभरमा ५० रन बनाउनुपर्ने लक्ष्य पाएकामा ६.५ ओभरमा दुई विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो ।

नेपालको जीतमा कप्तान इन्दु बर्माले सर्वाधिक २२ रन बनाइन् । उनले २१ बलमा एक चौकाको सहायताले अविजित २२ रन बनाएकी हुन् । त्यस्तै सीता रानामगरले १७ रन जोडिन् भने कविता जोशीले अविजित ४ रन बनाइन्। बलिङतर्फ कुवेतकी मारयाम ओमरले एक विकेट लिइन्।

यस अघि कुवेतले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ७३ रनको योगफल बनाएको थियो। कुवेतका लागि प्रियदा मुरलीले सर्वाधिक २९ रनको योगदान दिइन्। उनले ३३ बलमा तीन चौका र एक छक्काको मदतमा २९ रन बनाएकी हुन्। त्यस्तै खादिजा खालिल र सान्थी बलासुब्रमानीले समान १३/१३ रन जोडे ।

कुवेतलाई ७३ रनमा समेट्ने क्रममा नेपालकी सीता राना मगरले ह्याट्रिक विकेट लिइन् भने रूबिना क्षत्री र कविता कुँवरले समान दुई/दुई विकेट लिए ।

नेपाल समूह 'डी' को विजेता तथा कुवेत समूह 'ए' को उपविजेताका रूपमा क्वाटरफाइनलमा प्रवेश गरेका हुन् । नेपालले समूह चरणको खेलमा हङकङ, भूटान र माल्दिभ्सलाई पराजित गरेको थियो। यो जीतसँगै सेमिफाइनल खेलमा नेपालले आयोजक मलेशियाको सामना गर्नेछ ।

प्रतियोगिताको फाइनलमा पुग्ने दुई टोलीले आगामी सेप्टेम्बरमा आयोजना हुने एशिया कप क्रिकेटमा सहभागिता जनाउन पाउने छन् ।

## पशु सेवा कार्यालयमा होटलको फोहर पानी




तस्वीरः प्रतीक

प्रस, पोखरिया, २ फागुन/

पोखरिया नगरपालिका–४ पशु सेवा कार्यालय अहिले पानी र फोहरका कारण प्रभावित भएको छ ।

सो कार्यालय अगाडि शिवपूजन मिष्ठान्न भण्डारले जडान गरेको चापाकलको पानी उचित तरीकाबाट निकास नगर्दा कार्यालय अगाडि पानी जमेको छ र त्यसले सो क्षेत्रमा फोहर बनाएको छ । अहिले पशु कार्यालयमा पशु लिएर उपचार गराउन आउनेहरूलाई पनि सो पानी र फोहरका कारण कार्यालय परिसरमा प्रवेश गर्न सेवा लिन समस्या भइरहेको छ ।

कार्यालय प्रमुख कौशलकुमार झाले यसबारे मिष्ठान्न भण्डारका सञ्चालकलाई बारम्बार सुझाव दिएको तर अहिले पानीको उचित निकास नगरेको बताए । चापाकलबाट निस्कने पानीलाई प्लास्टिकको पाइपको माध्यमबाट सडक पारी लगिएको तर सवारी साधन सो क्षेत्रबाट गुड्दा पाइप फुटेर पानी जमेको र त्यसले फोहर बढाएको प्रमुख झाले बताए ।

## धूमधामका साथ सरस्वतीपूजा र भ्यालेन्टाइन डे मनाइयो

बलिराम शुक्ला, बिरूवागुठी २ फागुन/

पर्साको ग्रामीण भेगमा सरस्वती पूजा गर्नुको साथै प्रसाद वितरण तथा सांस्कृतिक कार्यक्रमको आयोजना गरी



तस्वीरः प्रतीक

धूमधामले मनाइएको छ ।

माघ शुक्ल पञ्चमीको दिन वसन्त पञ्चमीका दिन सरस्वती माताको पूजापाठ गरी सांस्कृतिक कार्यक्रम गरी मनाइएको हो। पर्सागढी, सखुवापरसौनी, पटेर्वासुगौलीमा रहेका सामुदायिक तथा निजी विद्यालय र गाउँघरमा सरस्वती माताको मूर्ति स्थापना गरी धूमधामसाथ सरस्वतीपूजा मनाइएको थियो ।

पर्सागढी नपा अन्तर्गत आमोदेवी जनता क्याम्पस, जनता माध्यमिक विद्यालय पकडिया बडनिहार, नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बर्वाछटैली, नेपाल राष्ट्रिय आधारभूत विद्यालय बगवाना, पर्सा रेन्बो बोर्डिङ स्कूल, भूपू सैनिक इङ्गलिश स्कूल बडनिहारमा विद्यार्थीहरूले सरस्वती माताको पूजापाठ मनाएको आमोदेवी जनता क्याम्पसका प्रमुख महन्तलालप्रसाद चौधरीले बताएका



छन् ।

**प्रस, वीरगंज/**

सरस्वती पूजा र भ्यालेन्टाइन डे एकै दिन परेकोले आज वीरगंज महानगरमा युवा, बालबालिकाहरूको भीड बढेको थियो । बिहानैदेखि विद्यालयहरूमा सरस्वती पूजाको लागि युवा, बालबालिकाहरूको भीड थियो र यो क्रम आज दिनभरि नै वीरगंजमा देखियो । सरस्वती पूजा गरेर युवाहरू भने भ्यालेन्टाइन मनाउन व्यस्त भएका थिए। वीरगंजका होटलहरूले भ्यालेन्टाइनको अवसरमा विभिन्न प्याकेजको व्यवस्था गरेका थिए ।

**प्रस, रौतहट/**

रौतहटका सामुदायिक तथा निजी विद्यालयहरूमा सरस्वतीपूजा पूजा–अर्चना तथा सांस्कृतिक कार्यक्रम गरी मनाइएको छ । गौर नगरपालिका–३ सगरमाथा इङ्गलिश स्कूलमा पूजापाठ तथा सांस्कृतिक कार्यक्रम गरी मनाइएको प्रिन्सिपल मोहम्मद जावेद अख्तरले बताए। आधारभूत विद्यालय पचरूखीमा पनि सरस्वतीपूजा धूमधामका साथ मनाइएको छ ।